उदयपुरगढी गाउँपालिकाको

आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट
र आर्थिक वर्ष २०७९/०८० को बजेट समीक्षा

सभामा पेश गरेको मितिः २०८०/०३/१०
सभाले पास गरेको मितिः २०८०/०३/१०

उदयपुरगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल

उदयपुरगढी गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट, २०८०

प्रकाशक : उदयपुरगढी गाउँपालिका
: गढी, उदयपुर

सर्वाधिकार : प्रकाशकमा

संस्करण : २०८०

सेटिङ : एच्के किरात

मुद्रक : लक्ष्मी अफसेट प्रेस गाईघाट
: फोन नं. : ०३५-४२०६८२

अध्यक्ष श्री मान वहादुर केप्छाकीबाट चालु आ व २०७९।८० को वजेट नीति तथा कार्यक्रमको समिक्षा र आगामी आ व २०८०।८१ को नीति तथा कार्यक्रमको बक्तव्य

उदयपुरगढी गाउँपालिकाको नियमित गाउँ सभाको पन्धौं अधिवेसनमा उपस्थित हुनु भएका गाउँपालिकाका
उपाध्यक्ष ज्यु
वडा अध्यक्ष ज्युहरु
गाउँकार्यपालिका सदस्य ज्युहरु
गाउँसभाका सदस्यज्यूहरु,
पत्रकार मित्र,
महिला तथा सज्जन बृन्द लगायत सम्पुर्ण कर्मचारीहरु,
र सुरक्षा कर्मीज्यूहरु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोश्रो कार्यकालमा गाउँपालिका अध्यक्षको हैसियतले सम्मानित उदयपुरगढी गाउँसभाको बैठकलाई सम्बोधन गर्न पाउदा म गौरवान्वित छु । यस अबसरमा म नेपालमा नागरीक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा ईतिहासको विभिन्न कालखण्डमा भएका राजनैतिक आन्दोलन, क्रान्ति, जनयुद्द तथा मधेश आन्दोलन लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमुल्य जिवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञान शहीदहरु प्रति हार्दिक श्रद्दाञ्जली अर्पण गर्दछु ।

आदरणिय सभासद ज्यूहरु

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँ पालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

दीगो विकास लक्ष्य २०३० को मार्गचित्र, उदयपुरगढी गाउँपालिकाको आवधिक योजना २०८०\८१-०८४\८५, मध्यमकालीन खर्च योजना-२०८०, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास, सार्वजनिक सेवा र सुशासनको कार्यमा गाउँपालिका भित्रका राजनैतिक दलहरू, आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सरकारी तथा गैरसरकारी सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउनु पर्छ। आम नागरिकहरुले आवश्यक साथ सहयोग, सुझाव दिनु र सरकारी निकायहरूले लिनु पर्छ । जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गर्ने प्रयत्न गरिएको छ।

नेपालको संविधान,२०७२ मा व्यवस्था भएको राज्यको पुर्नसंरचना अन्तरगत संघ, प्रदेश र स्थानीय गरी तिन तहका सरकारको व्यवस्था भए वमोजिमको २०७३ सालमा यो उदयपुरगढी गाउँपालिका नेपालको भित्री मधेश अन्तर्गत उदयपुर जिल्लाको पश्चीम भेगमा अवस्थित गाउँपालिका हो । साविकको तावाथरी, वर्रे, डुम्रे, पन्चावती र भलायडाँडा गा.वि.स. मिलाएर बनेको यो गाउँपालिकामा जम्मा ८ वटा वडाहरु रहेका छन् । यसको क्षेत्रफल २६९.५१ वर्ग कि.मी. रहेको छ भने २०७८ सालको जनगणना अनुसार ६६५० घरधुरी, ६८१० परिवार संख्या र २८,९२९ जनसंख्या रहेको छ । मगर, तामाङ्ग, राई, क्षेत्री, ब्राह्मण, गुरुङ्ग, कामी, दमाई, सार्की लगायत विभिन्न जातजातिहरुको सम्मिश्रित संस्कार संस्कृती अंगालेर बसेको गाउँपालिका हो उदयपुरगढी । जातिय विविधतामा एकता हुनु यस ठाउँको सम्पति हो । विभिन्न पर्यटकिय स्थलहरु, नदिनाला र जगलहरु हाम्रा प्राकृतिक सम्पदाहरु हुन् । कृषि, पशुपालन यस क्षेत्रको प्रमुख आर्थिक श्रोत हो । यो भूगोल भित्र थुप्रै चुनौतिहरु र संभावनाहरु उत्तिकै रहेको हुँदा यिनै भूगोलको विचबाट जनताले स्थानीय सरकारको रुपमा जनप्रतिनिधीलाई एकातिर अधिकार र अर्को तर्फ कर्तव्यको सन्तुलित पखेटा दिएर यस गाउँपालिकाको समृद्ध उडाउनको लागि जनादेश दिएको छ यसै सन्दर्भमा आज हामी यस गाउँपालिकाको समृद्ध उडानको लागि जनादेश सहीत कार्यक्रम लिएर आएका छौ ।यसै सन्दर्भमा आज हामी यस उदयपुरगढी गाउँपालिकाको आर्थिक वर्ष ०८०/०८१ को अनुमानित आय, व्याय निती तथा कार्यक्रम पेश गर्ने गरिमामय गाउँसभा समारोहमा उपस्थित हुनपाएकोमा सामूहिक खुशी व्यक्त गर्न चाहन्छु ।

आदर्णिय सभासद मित्रहरु,

विक्रम सम्वत् २०७९ साल बैशाखमा भएको स्थानीय तहको निर्वाचन सम्पन्न भई कार्यकाल सम्हालेको पनि एक आर्थिक वर्ष पुगेको छ । आर्थिक मन्दी लगायतको चुनौतीहरुलाई सामना गर्दै अर्थतन्त्रलाई गतिशिल तुल्याउदै पुनरुत्थान गर्न सकिन्छ भन्ने दृढ विश्वासका साथ म आर्थिक वर्ष २०८०।८१ को आय व्ययको विवरण सार्वजनिक गर्न उपस्थित भएको छु । उदयपुरगढी बासीको परिवर्तित चाहाना एवम् बिकास र समृद्दिको सपनालाई सार्थक बनाउने सम्भावनाको ढोका खुलेको छ । सामाजिक न्याय सहितको वहुआयामिक सामाजिक न्याय सहितको बहुआयामिक एवम् तीव्र विकासद्धारा समृद्ध नेपाल सुखि नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्न सकिने आधार तयार भएको छ । जनताका विकसित सपना जागृत भएका छन् र विकास एवम् समृद्धिका नयाँ नयाँ मानक स्थापीत गर्दै अघि बढन सम्भव भएको छ ।

वर्तमान स्थानीय सरकारको नेतृत्वमा विकास निर्माण र सामाजिक न्यायको क्षेत्रमा उल्लेखनीय सफलता हासील गरेका छौ । गाउँपालिकाका करिब ९० प्रतिशत जनता विद्युत सेवाबाट लाभान्वीत भई उज्यालो उदयपुगढी अभियान अन्तर्गत विद्युत सेवा विस्तारको अन्तिम चरणमा पुगेको छ । सडक पूर्वाधार निर्माण, आर्थिक विकासका क्षेत्रहरुको पुर्नउत्थानमा प्राप्त नतिजा उल्लेखनीय छन् । सही, नीति, सक्षम नेतृत्व, आत्मविश्वास र समपर्णका साथ अघि बढदा विकासको अभियानलाई तीव्रता दिन सकिन्छ भन्ने सकारात्मक सन्देश सम्प्रेषण गर्न हामी सफल भएका छौ ।

आगामी बर्षको वजेट तयार गर्दा नेपालको संविधान, हाम्रा चुनावी घोषणापत्र, आवधिक योजना, स्थानीय स्तरका माग र आकांक्षा, समृद्द नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा, दिगो विकासका लक्ष्यलाई महत्वपुर्ण आधारको रुपमा लिएको छु । सबै प्रकारका सामाजीक, आर्थिक विभेदको अन्त्य गर्दै विकास, समृद्धी र सामाजीक न्यायको यात्रालाई थप गतिशील बनाउने र समाजबादको आधार निर्माण गर्ने उदेश्यबाट निर्देशित भएको छु । स्थानीय जनप्रतिनिधि, निजी क्षेत्र, बुद्दीजिवी, पेशाविद, राजनैतीक दल, सरकार तथा गैरसरकारी निकायहरू र आम नागरीकबाट प्राप्त सुझावलाई समेत यथोचित महत्व दिएको छु ।

आदर्णिय सभासद ज्युहरू
अव म यस गाउँपालिकाको सवल, दुर्वल, अवसर र चुनौतीका विषयहरु उठान गर्ने अनुमती चाहन्छु ।

सबल पक्षहरु

- सामुदायीक ग्रामीण विद्युत्तीकरण कार्यक्रम उप्रान्त राष्ट्रिय प्रसारण लाईनमा जोडी सुचारु रहेको छ।
- उदयपुरगढीबासीहरु विकास र सुशासनका विषयमा सचेत, जागरुक र चेतनशील रहेका छन् ।
- स्थानीय कृषि उत्पादन, पशुपालन, जडिबुटिहरु, पर्यटनको विकासका लागि पर्याप्त संभावना र वातावरणको उपलब्धता रहेका छन् ।
- स्थानीय जनप्रतिनिधिहरु गाउँपालिकाको सर्वाङ्गिण बिकास र समृद्दिकालागि अविच्छिन्न रुपमा खटिएका छन् र बिकास निर्माण, सेवा प्रवाह र सुशासनका निम्ति प्रतिवद्द छन् ।
- स्थानीय श्रोत र साधनहरुको प्रयोग गरि पुर्वाधार, खानेपानी तथा सिँचाई विकासमा विशेष जोड दिईएको छ ।
- आन्तरीक तथा बाह्य पर्यटन प्रवर्दनका लागि पर्यटन पुर्वाधार निर्माण र प्रचार प्रसारका लागि मिडीयाहरुसंग साझेदारी गरिएको छ।
- विनियोजित वजेटका कार्यहरु तोकीएको समयमा नै सम्पन्न गरिएका छन ।

कमजोर पक्ष

- भौगोलिक विकटताको कारणले यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य जस्ता विकासका पूर्वाधारहरुको अपेक्षाकृत विकास गर्न सकिरहिएको छैन ।
- दरबन्दी अनुसार दक्ष कर्मचारीहरुको अभावमा अपेक्षाकृत नतिजा हासिल हुन सकेको छैन ।
- संघीय सरकार, प्रदेश सरकार लगायतबाट प्राप्त हुनुपर्ने सिलिङ बमोजिमका अनुदान र वाँडफाड रकमहरु तोकिएको समयमा तोकिएको परिमाणमा नै प्राप्त हुन नसक्नु र तीनै तहका सरकारहरू बीच समन्वयको अभावको अवस्था विद्यमान छ ।
- सम्झौता समय भित्र ठेकेदार कम्पनीहरूले कार्य सम्पन्न नगर्दा नागरिकहरुको दवाब बढ्दो छ ।

विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

विद्यमान अवसरहरू:
आदर्णिय सभासद ज्युहरू,
अब म हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेको व्यहोरा अवगत गराउँन चाहन्छु,

१. संविधानत: अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु गरिएको छ ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास कानूनले सुनिश्चत गरको र अभ्यास गरिदै आइएको छ ।
३. विकास निर्माणका विविध विषयमा नीति, कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रदत्त छ ।
४. यस गाउँपालिकामा रहेको भौगोलिक तथा सांस्कृतिक विविधता अमूल्य र अनन्त सम्पत्ति हो । जसको हामीले उपयोग गर्नु सक्नु पर्दछ ।
५. मदन भण्डारी लोकमार्ग, कोल्टे-नरेटार-लिम्चुडबुङ-हलेशी सडक र कटारी वाहुनिटार जरुवा ताप्ली सडकले पालिकाको लाईफलाईनको काम गरिरहेका छन् ।

६. कृषि योग्य भुमी सिँचाई र हावापानीको उपलब्धता हुनु तथा सडक निर्माणमा भएको लगानीसंगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुन समस्या छैन ।
७. नीजि आवासीय र संस्थागत घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्ने नागरिकको आकर्षण र चासो बढेको छ ।

विद्यमान चुनौतीहरू:
आदर्णिय सभासद ज्युहरू, हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेको पाईन्छ:-

८. रोजगारउन्मुख रीपमूलक कामयावी शिक्षाको प्रदान गर्नु, शिक्षालाई रोजगारी र उत्पादनसंग साक्षात्कार गराउनु हाम्रोसामू चुनौती रहेको छ ।
९. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउँदै बेचौलिया समस्या न्युनिकरण गर्नु, गुणस्तरीय बीउबिजन÷मलखाद समयमा नै उपलब्ध गराउनु, युवा जनशक्तिलाइ कृषि व्यवसाय प्रति आकर्षित गर्दै व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु, वाह्य परजिवि, जंगली जनावरहरूबाट कृषि उपजको सुरक्षा गर्नु कृषि क्षेत्रको चुनौती रहेको छ ।
१०. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु र स्वादेशमै टिकाउनु पर्ने देखिन्छ ।
११. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु र त्यसको दीगो उपयोगलाई अक्षुण्ण राख्नु पर्ने आवश्यक्ता छ ।।
१२. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्राइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु, वालमैत्री, अपाङ्गमैत्री र लैङ्गिक हिसाबले उपयोगी संरचनाहरूको निर्माण गर्नमा लगानी बढाउनु र नीजिक्षेत्रलाई उक्त कार्यमा प्रोत्साहित गर्नुपर्ने आवश्यक्ता छ ।
१३. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु र त्यस्ता ठाउँको आवासीय घरहरूको सुरक्षा गर्नु, अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित गर्नेकार्य चुनौतीपूर्ण छ ।
१४. वैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना लागू गर्नु, सरकारी तथा ऐलानी जग्गाको लगत राख्नेकार्य चुनौतीपूर्ण छ ।
१५. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।
१६. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा ,गिट्टी , बालुवा) को मापदण्ड अवलम्बन नगरि अत्यधिक दोहन रोक्दै स्थानीय पूर्वाधार निर्माणमा नदीजन्य र खानीजन्य कच्चा पदार्थ आपूर्तीलाई नियमित गर्नु चुनौतीपूर्ण छ ।
१७. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।
१८. गुणस्तरीय स्वास्थ्य सेवा, प्रसिति सेवा, मातृसिसु सेवा, आयुर्वेदिक सुविधा विस्तार गर्नु पर्ने देखिन्छ।
१९. बितरण गरिएका अनुदानको सदुपयोग र त्यसको दीगो उपयोगको अनुगमन निरिक्षण र त्यसको आधारमा आगामी रणनीति तयार गरी लागू गर्नु पर्ने देखिन्छ ।

आदर्णिय सभासद ज्युहरू
चालू आ.व. २०७९।८० को नीति तथा कार्यक्रमको क्षेत्रगत विकासको समिक्षा पेश गर्दछु ।

आर्थिक क्षेत्र

१. कृषि बिकास क्षेत्र तर्फः

सहकारी, लघ्यु उद्यम, पर्यटन, कृषि तथा पशु सेवा तर्फ कुल बजेट २ करोड ७६ लाख ५४ हजार विनियोजन भएकोमा सो अन्तर्गतका भए गरिएका सम्पन्न कार्यहरु यस प्रकार छन्;-

चैते धान खेतीको क्षेत्रफल विस्तार भएको छ । कृषक समूहका प्रतिनिधिहरुलाई ३ दिने व्यवसायीक तरकारी खेतीको तालीम सञ्चालन गरिएको छ । यसै गरि वडा नं १ को वन्चरे, वडा नं ५ को कुर्कुनटार र वडा नं. ८ को नेपालटार फाँटमा कृषक पाठशाला सञ्चालन गरिएको छ । वडा न १, ३ र ८ मा उन्नत मकैको बिउ ८० प्रतिशत अनुदानमा कृषकहरुलाई वितरण गरिएको छ । मौरीपालनका लागि वडा नं. १, वडा नं. ५ र वडा नं ६ मा करिव ६५ वटा आधुनिक मौरीघारहरु वितरण गरिएको । यसै गरि सबै वडाहरुमा ८० वटा भकारो सुधारका कार्यक्रमहरु सम्पन्न गरिएको छ । कृषकहरुलाई ८० वटा प्लाष्टिक टनेल वितरण गरिएको छ। नेपालटार बजारमा श्री पञ्चावतीमाई कृषि सहकारीसंगको साझेदारीमा कृषि मेला प्रदर्शनी ३ दिन सञ्चालन गरियो । कृषि यन्त्र उपकरण वितरण कार्यक्रम ७५ प्रतिशत अनुदानमा मिनिटिलर वितरण समुह, फर्महरु मार्फत सञ्चालन गरिएको छ । अदुवा बेसार खेती मार्फत यस गाउँपालिकाको वडा नं. २, ३, ४ र ७ मा कृषक फर्महरुसंगको साझेदारीमा सञ्चालन गरिएको छ । वडा नं २ र ३ मा पहिलो पटक कोदोको थ्रेशर वितरण गरिएको त्यस्तै कर्न सेलर, ब्रस कटर लगायतका सामाग्रीहरु वितरण गरिएको छ । धान खेतीमा क्रप कटीङ्ग गरिएको, बिउ विजन सुरक्षीत राख्न हर्मेटिक व्याग वितरण गरिएको छ। तथा मकै वालीमा लागेको फौजी किरा नियन्त्रणको लागि विषादी वितरण गरिएको छ । विभिन्न २५ वटा साना सिँचाईका कार्यक्रमहरु सञ्चालन गरिएको छन् ।

२. पशुपन्छि क्षेत्र तर्फ

सामुहिक वंगुर पालन र वाख्रापालनका कार्यक्रमहरु सञ्चालन भएको, ५० प्रतिशत अनुदानमा बोयर बोका आठवटै वडामा वितरण गरिएको, उन्नत वंगुरको विरहरु वडा बडामा वितरण गरिएको छ । चुरीयामाई दुग्ध डेरीलाई मिल्क एनालाईजर मेसीन वितरण गरिएको छ । भेडा पालक कृषक तथा फर्मलाई अनुदान प्रदान भएको छ भने कृषकहरूलाई च्याफ कटर खरिद हुवानी गरी वितरण सम्पन्न भएको छ । गाउँपालिका स्तर पशुपन्छी पालन तथा व्यवस्थापन तालिम यस गा.पा.को २,४,६ र ८ मा सम्पन्न गरिएको छ, हिउदे घाँसको बिउ वितरण सबै वडाहरुमा वितरण गरिए च्याउँ खेती विस्तार प्रवद्धन कार्यक्रम यस गा.पा.को ५ र ६ मा सम्पन्न गरिएको, कृषि यन्त्र औजार उपकरणमा ७५% अनुदान कार्यक्रममा ११ वटा समानीकरण अनुदान तर्फको वजेटवाट वितरण गरिएको र ४ वटा संघिय सरकारवाट प्रदान गरिएको धान उत्पादन प्रबद्धन कार्यक्रमबाट ५० प्रतिशत अनुदानमा यान्त्रीकिकरण सामाग्री वितरण गरिएको छ।

३. लघुउद्यम बिकास तर्फ

गरिवी निवारणका लागि लघ्यु उद्यम विकास कार्यक्रम मार्फत ४० जनालाई स्तरोन्नतीबाट स्वरोजगार वनाईएको छ । ८५ मध्ये ७२ जनाको हालसम्म उद्यमशीलता विकास तालीम पश्चात सहभागीहरुले छनौट गरेको व्यवसाय सम्बन्धि सिप विकास तालीम संचालन भईसकेको छ । गाउँपालिकामा स्थानीय कच्चा पदार्थ प्रयोग गरि सावुन

वनाउने तालीम सञ्चालन गरिएको छ । वडा नं. ५ को तेलतेलेमा मखमलको जुत्ता चप्पल वनाउने, सिलाई कटाई, व्यूटी पार्लर र आरन सम्वन्धी तालीम सञ्चालन भएको त्यस्तै वडा नं. ७ को हाडेवासमा सरफ वनाउने तालीम सञ्चालन भएको त्यस्तै वडा नं. २ र ७ मा ढाका वनाउने तालीम १९ जनामा सञ्चालन गरिएको, चार चक्के सानो गाडीको ड्राईभिङ्ग तालीम ३ जनामा सञ्चालन गरिएको छ । समग्रमा यस कार्यक्रम तर्फबाट चालू आ.व.मा १३४ जनालाई उद्यमी तथा स्वरोजगार बनाईएको छ ।

४. पर्यटन बिकास तर्फ

पर्यटनका आयोजनाहरूमा पुरानो गढी पुनः निर्माणका काम ठेक्का बमोजिमको कार्य सम्पन्न भएको छ, परेवा झरना, छेलो भञ्ज्याँङ्ग पर्यापर्यटन निर्माण गरिएको छन् भने प्रचार प्रसारकालागि विभिन्न मेडियाहरूद्वारा डकुमेन्ट्री निर्माण र प्रसारण गरिएका छन् ।

५. सहकारी बिकास तर्फ

यस गाउँपालिकाको सहकारी शाखा मार्फत सहकारी व्यवस्थापन तालिम, सहकारी लेखापालन तालीम सञ्चालन गरिएको भएको छ भने चालु आर्थिक वर्षमा सगरमाथा कृषि सहकारी संस्था ली. उ.गा.पा.१ मिति २०७९।०५।१९ मा, कुर्कुनटा कृषि सहकारी संस्था लि. उ.गा.पा. ५ मिति २०७९।०९।११ मा, शुभ लक्ष्मी कृषि सहकारी संस्था उ.गा.पा. २ मिति २०७९।१२।०६ मा र तानाथी मासिन्टार कृषि सहकारी संस्था उ.गा.पा. २ मिति २०७९।०५।१९ मा गरी जम्मा चारवटा सहकारी संस्थाहरु दर्ता भएका छन् ।

६. पुर्वाधार क्षेत्र समिक्षा

आ.व. २०७९।८० को गाउँसभाबाट स्विकृत कार्यक्रम तथा संघीय सरकारबाट प्राप्त १५ शैयाको उदयपरगढी अस्पताल निर्माण कार्य द्रुतगतिमा भइरहेको छ । सभाबाट स्विकृत वडा नं ४, ५ र ७ को वडा कार्यालय निर्माण सम्पन्न भई सोही कार्यालयबाट सेवा प्रवाह हुन थालेको छ । नेपालटार र उदयपुरगढी कभर्डहल डिपिआर स्विकृत भइ ठेक्का लागि बहुवर्षिय क्रमागत कार्यक्रमका रुपमा निर्माण भइरहेका छन् । नेपालटार उदयपुरगढी सडक ग्राभेल गरिएको छ स्तरोन्नती र कालोपत्रेका लागि संघ र प्रदेश सरकारसंग समपुरक साझेदारिका लागि प्रस्ताव गरिएका छन् । तिनतले छाँगा राग भञ्ज्याँङ्ग खानेपानी आयोजना वडा नं ४ मा निर्माण कार्य भइरहेको छ। वडा नं ४ को स्वास्थ्य चौकी भवन निर्माणका क्रममा रहेको छ। वडा नं १ को स्वास्थ्य चौकी तावाश्रीको भवन निर्माणका चरणमा रहेको छ । वडा नं. ३ को कोन्जोसोम गुम्वाको छत ढलान सम्म गरेको छ । वडा नं. ६ को छेलो भञ्ज्याँगको कार्य सम्पन्न गरि सकिएको छ । सोही वडाको पेम्वा छोईलिग गुम्वामा सिँडी निर्माणको कार्यक्रम सञ्चालन भएको छ । नेपालटार स्वर्गेडाडा लाहान सडक स्तरउन्नती गरिएको छ । चुलाढुँगा डुम्रे सडक स्तरउन्नती गरिएको छ । राष्ट्रिपती शैक्षीक सुधार कार्यक्रम अन्तर्गत आ.वि गैया र आ वि नरेटारमा २ कोठो भवन , आ वि गैडाखोर र आ वि कुर्कुनटारमा ४ कोठे भवन र विभिन्न विद्यालयहरुमा शौचालय निर्माण तथा भवन निर्माणका कार्यक्रम सञ्चालन भई रहेका छन् । वडा नं १, २, ५, ६ र ८ मा सडक ढलान ५० मिटर, नाला निर्माण १३०५ मिटर, कज्वे ७ वटा, स्लाव कल्भर्ट २ वटा निर्माण भएको छ । सडक ग्राभेल तर्फ १ देखी ८ वटै वडामा २२.४ किलोमीटर सम्पन्न भएको छ । नयाँ ट्रयाक तर्फ सबै वडामा गरेर २२.७ किलोमिटर ट्रयाक ओपन गरिएको । खानेपानी तर्फ तामाडाँडा लिफ्टीङ्ग खानेपानी सम्पन्न भएको छ। पाइप ५०००० मिटर विस्तार तथा धारा २६८ संख्यामा जडान गरिएको साथसाथै पानी कलेक्सन गर्ने टंकी हरेक वडामा निर्माण भएको छ । भवन निर्माण तर्फ आ वि सोलीढुङ्ग २ कोठे ट्रष्ट भवन, मा. वि. नेपालटार २ कोठे हल निर्माण, आ वि गैया २ कोठे ट्रष्ट भवन, अधुरो सामुदायिक भवन गैया

सम्पन्न गरिएको छ । पेमा छोईलिङ्ग गुम्वा छत ढलान भएको छ । जनजाती भवन तथा मठ मन्दिर निर्माण वडा नं २ मा सम्पन्न छ। वडा नं ३ मा कोन्जोङ्गसोम गुम्वा छत ढलान, स्वास्थ्य चौकी शौचालय निर्माण भएको छ । वडा नं ४ मा मावि जल्केनि पहिरो नियन्त्रणमा आर सि सि वाल निर्माण गरिएको छ । वडा नं ५ मा मावि उदयपुरगढी घेरावेरा सम्पन्न गरिएको छ । खेल मैदान तर्फ वडा नं ६, ५, ४ र ३ मा क्रमश भकुण्डेचौरी, ओदाले, नागवेले, मौवासी खेलमैदान, मझुवा वेतीनि खेलमैदान, स्वाठेखोला खेलमैदान, माझगाँउ खेलमैदान, सानोढुग्रे भलिवल खेल मैदान निर्माण भएको छ ।

७. बन, बाताबरण तथा विपद व्यवस्थापन

आ.व. २०७९\८० को गाउँसभाबाट स्विकृत कार्यक्रम बमोजिम वन वातावरण तर्फ प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको क्रेट जाली वडा नं. १ को वाहुनीटार हजारे, वडा नं. २ को पुजारीटार र गेर्खे जाने वाटोमा, वडा नं ६ को पेम्वा छोईलिङ्ग गुम्वा सिंढी निर्माणमा, वडा नं ८ मा वसेरी र सित्तलेमा क्रेट जाली उपलब्ध गराईएको छ । सबै वडा र स्वास्थ्य चौकीहरुमा अर्थिङ्ग डिलाईटिङ्ग जडान सम्पन्न गरि सकिएको छ । विपद व्यवस्थापन राहत कोषबाट नदि कटान नियन्त्रण जनपरिचालन र प्राकृतिक विपद परेका घरपरिवारहरुलाई कोष संचालन समितिको निर्णय वमोजीम क्षतिको मुल्याँकनको आधारमा राहत प्रदान गरिएको । सहारा नेपालको सहयोगमा स्थानीय विपद पूर्व तयारी प्रतिकार्य योजना र विपद उत्थानशील केन्द्र संचालन कार्यविधि वनाई लागु गरिएको । करेन्ट लागेर मृत्यु भएका १ जना, घर आगलागी भएका १५ घर, हात्तीले घर भत्काएको १ घर, हावाहुरीवाट घर उडाएको ४५ घर, हावाहुरीवाट घाईते २ जना, आगलागिवाट घाईते १ जनालाई राहत प्रदान गरिएको । वडा नं. ६ र ७ मा पुल र नदि नियन्त्रणका कार्य सम्पन्न गरिएको छ । आगलागी, हावाहुरी, बाढी पहिरोबाट प्रभावित वडाहरुका प्रभावित व्यक्तिहरुलाई राहत स्वरुप रकम उपलब्ध गराईएको छ । स्थानीय विपद व्यवस्थापन कार्यविधि बमोजिम हुनेगरी राहत उपलब्ध समेत गराईएको छ । त्यस्तै यसै कार्यक्रम मार्फत विभिन्न स्थानमा गएको पहिरोहरु नियन्त्रणका लागि क्रेट जाली लगाउने कार्यहरु भएको । वडा नं. ६ को ज्यामिरे खोला आसपास फोहर मैला व्यवस्थानका लागि डम्पिङ्ग साईट निर्माण गरिएको, जरुवा वाह्रविशे पहिरो नियन्त्रणको कार्य सम्पन्न भएको, वडा कार्यालय, प्रहरी चौकी,गाउँपालिकाको कार्यालयमा आगलागी नियन्त्रणका लागि फायर ईस्टीङ्गीसर वितरण गरिएको, कटारी वाहुनीटार वर्रे सडक खण्डको पहिरो नियन्त्रणको कार्य भएको छ । नरेटार चुरुम्फा सडकमा पहिरो नियन्त्रणका लागि जाली लगायतको कार्य सम्पन्न गरिएको । भुतिया खोल्सी तटवन्धको काम सम्पन्न गरिएको, वडा नं. ७ को गैरीटारमा पहिरो नियन्त्रणको कार्य सम्पन्न गरिएको छ । वैकल्पिक उर्जा कार्यक्रम तर्फ वडा नं ४, ५ र ७ मा सोलार सेट ९०० वाटको जडान गरिएको छ । ईन्टरनेटको वैकल्पिक व्यवस्थाका लागि वडा नं १ देखी ४ सम्म वैकल्पिक नेट जडान गरि ईन्टरनेटको कनेक्टीभिटीलाई अविच्छिन्न बनाईएको छ ।

८. सुशासन तथा संस्थागत बिकास

गाउँपालिकाले १० वटा ऐन, ६ नियमावली, आचार संहीता १ वटा, २८ कार्यविधि, निर्देशिका २ वटा र २ मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ।गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ । यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ६८ अंक प्राप्त गरेको छ ।

स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन FIDUCIARY RISK ASSESSMENT मा ७६ अंक प्राप्त भएको छ । त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको मुल्याँङ्कन सूचकका आधारमा ७१.९३ अंकका साथ यस गाउँपालिका कोशी प्रदेशकै उत्कृष्टमा पर्न सफल भएको छ । साथै राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृध्दि भएको छ ।

उदयपुरगढी गाउँपालिकाको जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका तालीम सञ्चालन गरि सम्पन्न गरिएको छ । मेलमिलाप कर्ताहरुको पुनर्ताजकी तालीम सञ्चालन गरि सकिएको छ। टोल विकास संस्थाहरुको क्षमता बढाउने उदेश्यले तालीम सञ्चालन गरि कार्य सम्पन्न गरिएको । गाउँपालिका परिसरमा सवारी साधन पार्किङ्ग निर्माण हुने चरणमा रहेको छ ।

९. सामाजिक विकास तर्फ

स्वास्थ्य सेवा तर्फ पालिका स्तरीय स्वास्थ्य कार्यक्रमको वार्षिक समिक्षा गोष्ठी कार्यक्रम सम्पन्न भएको, पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक वैठक तथा अर्धवार्षिक समिक्षा गोष्ठी सम्पन्न भएको, स्वास्थ्यकर्मीहरुको लागी ८ दिने इम्प्लान्ट तालिम कार्यक्रम सम्पन्न भएको, क्षयरोग सम्वन्धि कार्यक्रम सम्पन्न भएको, परिवार कल्याण कार्यक्रम अन्तर्गत परिवार नियोजन,किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य कार्यक्रम सम्पन्न भएको, पोषण कार्यक्रम सम्पन्न भएको, मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवति उत्प्रेरणा सेवा र न्यानो झोला कार्यक्रम संचालन गरिको, ANC to PNC Contin कार्यक्रम सम्पन्न भएको, MNH Onsite coaching कार्यक्रम सम्पन्न भएको, CB-IMNCI समिक्षा कार्यक्रम सम्पन्न भएको, IMNCI onsite coaching कार्यक्रम सम्पन्न भएको, कोभिड १९ रोग विरुद्ध खोप अभियान तथा बुस्टर खोप कार्यक्रम मार्फत First dose 92.2 %, Full dose 64.1%,first Additional dose 23.1% & 2nd additional dose 3.6% जनतामा खोप पुरा भएको, नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता, दीगोपनाका लागी सुक्ष्म योजना अध्यावधिक २ दिन र सरसफाई प्रवर्धन प्याकेज पुनर्ताजगी तालिम १ दिन गरी ३ दिन एवं पूर्ण खोप गा.पा.सुनिश्चितताको लागी खोप समन्वय समितिहरुको अभिमुखिकरण, स्वास्थ्यकर्मीहरुवाट वडामा घरधुरी सर्वेक्षण कार्यक्रम सम्पन्न भएको, प्रजनन् रुग्णता स्वास्थ्य कार्यक्रम सम्पन्न भएको, स्वास्थ्यकर्मीहरुको लागी DHIS-2 तथा HMIS सम्बन्धि ३ दिने तालिम कार्यक्रम सम्पन्न भएको, स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यक्रम सम्बन्धि अभिमुखिकरण, फलोअप तथा अनुगमन कार्यक्रम सम्पन्न भएको । नर्सिरू तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको अर्धवार्षिक तथा वार्षिक समिक्षा गोष्ठी कार्यक्रम सम्पन्न भएको, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस कार्यक्रम सम्पन्न भएको । पालिका अन्तर्गतका ३ वटा स्वास्थ्य संस्थाहरुको सामाजिक लेखा परीक्षण कार्यक्रम सम्पन्न भएको, सुरक्षित मातृत्व तथा जीवन सुरक्षा सम्बन्धि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको स्वास्थ्य संस्था स्तरीय १ दिने समिक्षा गोष्ठी कार्यक्रम सम्पन्न भएको, स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि सम्बन्धि स्वास्थ्य संस्था स्तरीय २ दिने तालिम कार्यक्रम सम्पन्न भएको, आमा समूह तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुका लागी सामाजिक व्यवहार परिवर्तन सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको, गर्भवति तथा सुत्केरी परिवारसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको, आमा समूह सुदृढीकरण कार्यक्रम सम्पन्न भएको, आमा सुरक्षा कार्यक्रम अन्तर्गत ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरिएको छ ।

१०. महिला, वालवालिका तथा जेष्ठनागरिक तर्फ

महिला विकास तर्फ महिला सहकारी संस्थाहरुलाई क्षमता विकास तर्फको कार्यक्रमहरु सञ्चालन गरिएको छ । प्रजनन् स्वास्थ्य र लैगिक हिँसा न्युनीकरण सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिएको छ । महिला तथा अपाङ्गहरुलाई विभिन्न नेतृत्व तथा क्षमता विकास तालीम सञ्चालन गरिएको छ । बाल क्लवहरु गठन गरि उनिहरुको क्षमता विकासका कार्यक्रमहरु तथा नियमन गर्ने गरिएको छ ।

११. शिक्षा, युवा तथा खेलकुद बिकास तर्फ

स्थानीय पाठ्यक्रम निर्माण गर्दै गरिएको छ । आधारभुत विद्यालयहरुमा ICT का सामाग्रीहरु लगायत डिजिटल हाजीरी जडान गरिएको छ । गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुको प्रधानाध्यापकहरुको भ्रमण सञ्चालन गरिएको छ । राष्ट्रिपती रनिङ्ग सिल्ड प्रतियोगिता सञ्चालन गरि सकिएको छ, उक्त प्रतियोगितामा नमूना मा.बि.भलायडाँडा प्रथम भएको थियो । विभिन्न विद्यालयहरुमा शैक्षिक सामाग्री वितरण तथा कक्षा कोठा निर्माणका कार्यहरु गरिएको छ । स्वास्थ्यका लागि खेलकुद भन्ने नाराका साथ गा पा भित्र कभर्ड हलहरु निर्माण गर्ने कार्य सुरु गरिएको । गाउँपालिका स्तरीय शिक्षा ऐन जारी गरिएको, सोही ऐनमा भएको व्यवस्था अनुसार शिक्षा समिति गठन भएको छ ।

आदरणीय गाउँ सभा सदस्य ज्युहरु,

अब म आर्थिक वर्ष २०८०।८१ मा अबलम्वन गरिने नीति तथा कार्यक्रमको विषयगत विवरण पेश गर्दछु ।

१. आर्थिक विकासः

- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्दी गरी क्रमशः आत्मनिर्भरता हासील गरिनेछ । तीनै तहका सरकारबीच समन्वयमा सामुहिक तथा करार खेतीलाई प्रोत्साहन गर्दै उत्पादित वस्तुको बजारीकरण गरिनेछ । एकीकृत राष्ट्रिय अनुदान सम्वन्धी कानून एवं कृषि अनुसन्धान नीति तर्जुमा गरिनेछ ।
- गुणस्तरीय बीउविजनमा यस गाउँपालिकालाई आत्मनिर्भर वनाईनेछ । रैथाने बाली,विउ विजन,नश्ल र कृषि तथा पशुपन्छी जन्य जैविक विविधता संरक्षणमा समुदायलाई प्रोत्साहन गरिनेछ । रैथाने वालीको संरक्षण र प्रवर्दन गर्दै कृषकहरुको माग वमोजिम हाईब्रिड तथा उन्नत जातको वीउ उपलब्ध गराईनेछ । प्राङ्गारिक तथा जैविक मलको उत्पादन र उपयोगलाई प्रोत्साहीत गरिनेछ ।
- कृषक र लधु उद्यमीहरुले व्यवसायीक कृषि तथा घरेलु उद्योग कार्यका लागि लिएको कर्जा कार्यक्रमलाई सहयोग पुग्ने गरि व्याजमा केही अनुदान उपलब्ध गराइनेछ ।
- खाद्यान्न भण्डारगृहको क्षमता अभिवृद्दी गरि न्युनतम परिमाणको खाद्यान्न मौज्दात राख्ने व्यवस्था गरिनेछ । कृषि उपजको ढुवानीमा अनुदानको व्यवस्था गरिनेछ ।
- संघिय र प्रदेशको सहकार्यमा पालीकामा एक शीतगृह, कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरि किसानको उत्पादनलाई बजारीकरण गरिनेछ । एक वडा एक सामुहीक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन नीति मार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।
- उपयोगमा नआएका तथा वाँझो जमिनमा कृषि खेती प्रवर्दन गर्न युवा लक्षीत सहकारी तथा सामुदायीक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ । कृषि उत्पादन बृद्दि गर्न भुमिको चक्लावन्दीलाई प्रोत्साहित गरिनेछ ।
- अर्गानीक कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ । अदुवा वेसार लगायत कृषि वस्तुको निर्यात प्रवर्दनका कार्यक्रम सन्चालन गरिनेछ ।

- भौगोलिक अवस्था र पानीको स्रोतको आधारमा उपयुक्त सिँचाई प्रविधि मार्फत वर्षैभरी सिँचाई सुविधा उपलब्ध गराईनेछ । सिँचाईका कुलोहरुलाई क्रमागत सम्पन्न गर्दै लगिनेछ । मुल कुलो तथा शाखा कुलोहरुलाई क्रमश सम्पन्न गरिन्छ ।
- कृषक फर्म र समुहहरुसंगको साझेदारीमा सिँचाईमा प्रयोग गर्न बोरीङ्ग वा लिफ्टीङ्गमा लागत साझेदारीमा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
- "सिंचाई कृषकको सहारा बाह्रै महिना खेती हराभरा" अभियानका लागि कृषि तर्फको साना सिंची कार्यक्रम तर्फ कम्तिमा १० वटा सिंचाई आयोजना र साना सिंचाई कार्यक्रम (SIP) मार्फत बाह्रैमास सिंचाई सुविधा पुर्याउने नीति अंगीकार गरिने छ ।
- व्यवसायीक कृषि घरेलु तथा साना उद्योग विकासका लागि आवश्यक प्रोत्साहन गरिने र स्थानीय उत्पादनको उपभोग र प्रवर्द्धनमा जोड दिईनेछ ।
- खेतियोग्य जमिन बाँझो खेत राख्ने प्रवृतिलाई निरुत्साहित गर्न स्थानीय निकायको संलग्नतामा उपयुक्त संस्थागत संरचना तथा व्यवस्था लागू गर्दै गाउँपालिका क्षेत्रको कृषि भूमिको संरक्षण तथा उत्पादकत्व अभिवृद्धि गरिने ।
- पहिचान गरिएका गरिब घरधुरीहरुलाई लक्षीत गरेर जिविकोपार्जनका कार्यक्रमहरु सन्चालन गरिनेछ ।
- उद्यमी उत्पादन र प्रोत्साहन गर्दै गा पा भित्र कुशल उद्यमीको विकास गरीनेछ ।
- कृषि, वन, पर्यटन प्रबर्द्धनका कार्यक्रमहरु सन्चालनमा ल्याईनेछ ।
- खाद्य वस्तुको उत्पादन वढाउने तथा लागत घटाउने कार्यक्रमहरु ल्याईनेछ ।
- कृषिमा युवाहरुलाई आकर्षित गर्न युवा उद्यमीहरुलाई स्थानीय संभावना तथा तुलनात्मक लाभ समेतलाई दृष्टिगत गरी, वस्तुको पकेट क्षेत्र विकासलाई जोड दिई एक वडा एक कृषि उत्पादन कार्यक्रमको अबधारणलाई अगाडी बढाईने छ । यस्ता क्षेत्रमा प्रविधि एवं प्राविधिक सेवा तथा कृषि सडक, ग्रामीण विद्युतीकरण, सिँचाइ, कृषि बजार व्यवस्था जस्ता सुविधाहरु एकीकृत रुपमा परिचालन गरिनेछ।
- गरिवीको रेखामुनी रहेका कृषकको आय आर्जन क्षमता अभिवृद्धि मार्फत जीविकोपार्जन सुधार गर्न स्थानीय संभाव्यताको पहिचान गरी कृषकहरुका लागि आयमूलक कार्यक्रम संचालन गरिनेछ।
- कृषिमा आश्रित घरेलु उद्योग स्थापना गर्न ब्याज अनुदान तथा सुलभ कर्जा प्रवाहको लागी स्थानियतहमा कार्यरत वित्तिय संस्थाहरुसँग समन्वय गर्नुका साथै सेती केरा खेतीको उत्पादनलाई प्रति घारी उत्पादनमा आधारीत प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ ।
- सहकारीमा आधारीत कृषि उद्योग एवं व्यवसायको प्रवर्द्धनमा प्राथमिकता दिईने छ ।
- विपन्न वर्ग, दलित तथा महिला वर्गवाट कृषि उत्पादन गर्न लक्षित कार्यक्रम संचालन गरिनेछ तथा सो वर्गबाट कृषिमा आधारित उद्योग स्थापना गर्न विशेष प्राथमिकता दिईनेछ ।
- अनुदान प्रवाह गरि सञ्चालन हुने कार्यक्रमहरुमा कृषि तथा पशुपन्छी विमालाई अनिवार्य गरिने छ भने आमरुपमा समेत कृषि तथा पशुपन्छी विमालाई प्रवर्द्धन गर्न विशेष प्राथमिकता दिईनेछ ।
- सरकारी अनुदान प्राप्त गर्ने अनुदानग्राहिहरुले अनुदानको रकम अपचलन गरेमा अनुदान रकम सरकारी बाँकि सरह असुल उपर गर्नुका साथै कालो सुचीमा राखीनेछ।त्यस्तो कृषक समुह,सहकारी वा व्यक्तीलाई कुनै पनि प्रकारको सरकारी अनुदान सुविधा प्रदान वा सिफारीस गरिने छैन ।यसका लागी नियमित अनुगमन गरि आवश्यक पृष्ठपोषण गर्न अनुगमन संयन्त्र गठन गरिने छ ।
- बैदेशिक रोजगारवाट फर्की पालिकामै कृषि तथा पशुजन्य व्यवसाय गर्ने व्यक्ती, समुह,सहकारी तथा फर्महरुलाई साझेदारीमा उत्पादनमा आधारीत अनुदान प्रदान गरिनेछ ।

- श्रोत साधनको सिमितता एवं कार्यगत सहकार्यका लागी स्थानियस्तरमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरुलाई यस रणनितिले निर्दिष्ट गरेका उपक्षेत्रहरुमा लगानी गर्ने वातावरण सिर्जना गरिनेछ तर यस्तो प्रकारका सुविधा दोहोरो हुन नदिने नीति अवलम्बन गरिनेछ ।
- संघिय र प्रदेश सरकारले कायम गरेका लक्ष्य तथा उद्देश्य प्राप्ति गर्न समन्वय र सहकार्यको आधारमा कार्यक्रम तर्जुमा गर्ने निति अवलम्बन गरिने छ ।
- जलबायू परिवर्तनका असरलाई न्यूनिकरण एवं अनुकुलनका उपायहरु अवलम्बनलाई प्राथमिकताका साथ अगाडी बढाउन जलबायू मैत्री कृषि प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- गाँउपालिकाको कृषि विकासको लागी तयार भएको रणनिति, आवधीक योजनालाई समेटने गरि कार्यक्रम सन्चालनका लागि योजना तयार गरीनेछ ।
- माटो परिक्षणका आधारमा पकेट क्षेत्र तथा कृषि ब्लक निर्धारण गरि कृषिलाई विविधिकरण र व्यवसायिकरण गर्ने कार्यको शुभारम्भ भएको अवस्थामा यसलाई प्रभावकारी बनाउँदै लगिनेछ। खाद्यान्न वाली ,अदुवा वेसार , सुन्तला, आँप,, लिचि, एभोकार्डो, कागती, टमाटर मौसमी तथा वेमौसमी आलु उत्पादनको विशेष क्षेत्र तोकि कार्यक्रम संचालन गरिनेछ।
- कृषि तथा पसुपन्छि बजारीकरणकालागि कृषि एम्बुलेन्सको व्यवस्था गरिने छ।
- व्यवसायिक पशुपालन,मौरीपालन ,मासु उत्पादन, दुग्ध उत्पादन तथा पोल्ट्री जन्य वस्तुको उत्पादनलाई प्रोत्साहन गरि आत्मनिर्भरता तर्फ उन्मुख गराईनेछ।
- कृत्रिम गर्भाधान तथा प्राकृतिक नश्ल सुधार लगाएतका कार्यक्रमहरुलाई नियमित गरिनेछ।
- पशु स्वास्थ्यमा सुधार गर्न पशु चिकित्सा कार्यक्रम, पशु खोप कार्यक्रमलाई संस्थागत गर्दै लगिनेछ ।
- दुध तथा दुग्ध जन्य पदार्थको विक्री वितरणलाई सुव्यवस्थित गर्न सहकारी तथा नीजि क्षेत्रलाई डेरी फार्म संचालन तथा क्षमता अभिवृद्धिका लागि प्रशोधन उपकरण,दुग्ध विश्लेषण यन्त्र तथा चिलिङ्ग भ्याटमा अनुदान उपलब्ध गराईनुका दुग्ध उत्पादन गरि विक्री गर्ने कृषकहरुलाई प्रोत्साहन स्वरुप प्रतिलिटर दुग्धमा अनुदानको व्यवस्था गरिनेछ ।
- स्नातक कृषि विज्ञको सेवा प्रदान गरिने छ।
- पशुपन्छी पालनको व्यवसायीकरणमा जोड दिई आय आर्जन तथा रोजगारीका थप अवसरहरु सिर्जना गरिनेछ ।
- गाँउपालीका भित्रका दुई जना कृषकलाई उत्कृष्ठ कृषकको रुपमा पुरस्कारको व्यवस्था गरिनेछ ।
- गाँउपालीका भित्रका युवा कृषकलाई उत्कृष्ठ युवा कृषकको रुपमा पुरस्कारको व्यवस्था गरिनेछ ।
- व्यवसायिक कृषि र खाद्य सुरक्षा सुनिश्चितताका लागि गैर्ह सरकारी संस्थाहरुसंग सहकार्यमा कार्यक्रमहरु सन्चालन गर्दै त्यस्ता कार्यक्रमहरुको प्रभावकारीताको उचित अनुगमन र नियमन गरिनेछ ।
- कृषि उपजको बजारीकरणका लागी उत्पादनोपरान्तका क्रियाकलापहरु सहज तुल्याउन सहकारी –निजि – सरकारी क्षेत्रको साझेदारिमा पोष्ट हार्भेष्ट सेन्टर, क्रेट, प्रशोधन केन्द्र आदी पुर्वाधारहरुको विकास र विस्तार गरिनेछ ।
- तीन खम्बे अर्थनितिलाई (सरकार,सहकारी र निजी क्षेत्र) अवलम्बन गरि सहकारी मार्फत आर्थिक बृद्धि र विकासमा जोड दिइनेछ । यसका लागि नियमन प्रवर्दन र प्रशिक्षणको माध्यमबाट सहकारी क्षेत्रको विकास गरिनेछ ।
- स्थानीय घरेलु उद्योगको मागमा आधारीत कच्चा पदार्थको उत्पादन गरि लघु उद्यमका लागि प्रोत्साहन गरिनेछ ।

- गाउँपालिका भरि देखा परेका लम्पी स्कीन रोगको निरन्त्रणका लागि प्रदेश र संघिय सरकारसंग साझेदारी गरि कार्यक्रम सन्चालन गरिनेछ ।
- आगामी आ व मा गाउँपालिकाको उद्यम विकास नीति औधोगीक नीति तर्जुमा गरिनेछ र उमशिलता विकास रणनीति तयार गरिनेछ ।

२. पुर्वाधार विकासः

- अधुरा र क्रमागत पुर्वाधारजन्य योजनाहरुलाई पुर्णता दिईनेछ । ठूला र बृहद तथा गाउँपालिकाको गौरवको आयोजनाहरू सञ्चालनका लागि संघीय र प्रादेशिक सरकारसंग साझेदारीमा आयोजना संचालन गरिने छ।
- गाउँपालिकाको केन्द्र र वडा कार्यालय जोड्ने सडकहरुको स्तरोन्नती तथा नियमित रेखदेख गरि १२ महिना नै यातायात संचालन गर्ने गरी मर्मतकार्यका लागि बजेट बिनियोजन गरिने छ ।
- नेपालटार उदयपुरगढी दरवार सडकलाई स्तरोन्नती तथा कालोपत्रेको लागि संघ, प्रदेश र स्थानीय तहको समपुरक साझेदारीमा बजेट बिनियोजन गरिने छ । बहुवर्षिय ठेक्का आह्वान गरी उक्त आयोजना आगमी ३ वर्षमा सम्पन्न गर्ने नीति लिईनेछ ।
- आ व २०८०।८१ देखि वन्ने कुनै पनि प्रकारको पुर्वाधार संरचना वाल मैत्री, अपाङ्ग मैत्री तथा विपद उत्थानशिल वनाउदै लगिनेछ ।
- अगामी ४ बर्ष भित्रमा परेवा झरना पर्यटकीय पार्क डिपीआर अनुरुप निर्माण सम्पन्न गरिनेछ ।
- हरेक पुर्वाधार जन्य योजनाहरुबाट योजना सम्पन्न पश्चात २ प्रतिशतको दरले मर्मत संभार कोष र २ प्रतिशतका दरले कन्टिजेन्सी कट्टा गरिनेछ ।
- मर्मत संभार कोष वा विनियोजित वजेटमा मर्मत संभार गर्ने भनि विनियोजित रु ५ लाख भन्दा माथीको रकममा ५० प्रतिशत अनिवार्य संरचना र ५० प्रतिशत सरसफाई जन्य कार्य गर्न सकिनेछ ।
- सुचिकृत वेरोजगारहरुलाई गाउँपालिका र वडावाट सञ्चालीत हुने योजनाहरुमा प्राथमीकता दिई काम लगाईनेछ ।
- मर्मत संभार कोषवाट संचालन गरिने आयोजनामा अधिकतम लाभग्राही साझेदारी हुने आयोजनालाई पहिलो प्राथमीकता दिईनेछ ।
- स्थानिय भवन संहिता स्विकृत गरि घरनक्सा अनिवार्य लागु गरिनेछ र पुराना घर संरचनालाई सुचिकृत गरिनेछ । यसरी सुचिकृत या नक्सा पास भएका घरहरुलाई पालिका वडा वा अन्य निकायवाट दिलाईने सुविधामा प्राथमिकता दिईनेछ ।
- पालिकाको केन्द्रबाट बडा र अन्तरपालिका जोडने सडक बाटोहरुलाई १२ महिना नै चल्ने गरि स्तरउन्नती गरिनेछ ।
- पालिकाको सडकको वास्तविक अवस्था पहिचान र विकासका लागि सडकको गुरुयोजना तयार गरिनेछ ।
- आगामी आर्थिक वर्ष भित्र सडक सञ्जाल तर्फ कम्तीमा ५ कि मी सडक कालोपत्रे/ढलान, कम्तीमा ५ कि मी व्यवस्थित नाली सहितको ग्राभेल,१५ कि मी सामान्य ग्राभेल निर्माण गरिनेछ भने नयाँ सडक ट्रयाक खोल्ने कार्यलाई निरुत्साहीत गर्दै लगिनेछ ।
- वडा नं २ मा "एक घर एक धारा युक्त बडा घोषणा" कार्यक्रम सञ्चालन गरिनेछ । सन् २०२८ भित्र गाउँपालिकालाई नै स्वच्छ खानेपानीसहितको एक घर एक धारायुक्त गाउँपालिका घोषणा गरिने छ ।
- खानेपानी पुगेको ठाँउमा मिटर जडान तथा नियमन गरिनेछ र consumer pay प्रणालि लागूगर्ने नीति अख्तियार गरिने छ ।

- केन्द्रीय, साना तथा लघु विद्युत एवं वैकल्पिक उर्जाका मध्यमबाट आ व २०८०।८१ भित्र सबै घरधुरीमा विद्युत सेवा पुर्याईनेछ ।
- गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यको थालनी गरिनेछ, तावाश्री स्वास्थ्य चौकीलाई सम्पन्न गरि सेवा प्रवाह थालनी गरिनेछ ।
- स्वास्थ्य चौकी वर्रे र आधारभुत स्वास्थ्य इकाई नेपालटार भवन निर्माणका लागि आवश्यक कार्य थालनी गरिनेछ ।
- नेपालटार कभर्ड हल र गढी कभर्डहललाई सम्पन्न गरी उदघाटन गरीनेछ ।
- गाउँपालिका अन्तर्गतका कार्यालय र विद्यालयहरुको भौतिक संरचना निर्माण तथा व्यवस्थापनलाई क्रमश पुरा गर्दै लगिनेछ ।
- गाउँपालिकाका वडाहरुमा खेलमैदान निर्माण कार्यलाई क्रमागत योजनाको रुपमा संचालन गरिनेछ।
- आगामी बर्ष थप ७० हेक्टर खेतीयोग्य जमीनमा सिचाईको सुविधा उपलब्ध गराईनेछ ।
- भौतीक पुर्वाधार निर्माण कार्यलाई प्रत्यक्ष रोजगारमुलक बनाईनेछ ।
- गाँउपालीकावाट गरिने निर्माण कार्यहरुलाई प्रतिस्पर्धा मार्फत कार्य अगाडी वढाईनेछ ।
- उपभोक्ता समिति मार्फत गरीने निर्माणका कार्यहरुमा हेभि मेसीनको प्रयोगलाई निरुत्साहीत गरी श्रम मुलक कार्यको नीति अवलम्वन गरीनेछ ।
- यस गाँउपालीकाको क्षेत्र भित्र निर्माण हुने भवनको घर जग्गा नापी नक्सा बाटो अभिलेखिकरण गर्ने व्यबस्था मिलाईनेछ ।
- नगर विकास कोषको कार्य क्षेत्र विष्तृतिकरण एवम् पुजिँ पुन:संरचना सम्वन्धी रणनैतिक पत्र स्विकृत गरि गाउँपालिकालाई समेत कोषले समेटेको सन्दर्भमा उक्त कोषसमेतको परिचालनबाट यस गाउँपालिकाका पुर्वाधारजन्य आयोजनाहरु सञ्चालन गर्ने नीति अख्तियार गरिनेछ ।
- संघिय र प्रदेश सांसद विकास कोषबाट सञ्चालन हुने योजना गाउँपालिकाको प्राथमिकता र छनौटको योजनालाई सिफारिस गरी सञ्चालन गरिनेछ ।
- चालू आर्थिक वर्षमा कम्तिमा ५ वटा झोलुङ्गेपुल निर्माणको कार्य सम्पन्न गरिनेछ।
- नेपालटारको पौवाखोलामा मोटरेवल पक्की पुलको लागि प्रदेश सरकारसंग आवश्यक बजेट प्रवन्धकालागि व्यवस्था मिलाईने छ।

३. वन, वातावरण तथा विपद व्यवस्थापनः

- "पर्दा आहत तत्काल राहत" सेवाकालागि विपद व्यवस्थापन कोषलाई प्रयाप्त वजेट विनियोजन गरिनेछ ।
- आपतकालिन कार्य संचालन केन्द्रका लागि आवश्यक रकम विनियोजन गरिनेछ ।
- नदि नियन्त्रण, सडक सुरक्षा समेतका लागि क्रेट जाली खरिद गरि वितरण गरिनेछ । साना तिना नदी नियन्त्रण र जग्गा नियन्तण तथा नदी उकासलागि वडाको बजेटबाट वढी सम्बोधन गराउन प्रोत्साहन गरिने छ ।
- वडा नं. ७ को बलान खोला नदि नियन्त्रण र बस्ती सुरक्षाका लागि नदी बगर उत्खनन र व्यवस्थापनका लागि जिल्ला विपद व्यवस्थापन समितिको सहयोग लिईनेछ ।
- वैकल्पीक उर्जा कार्यक्रमका लागि संघिय शसर्त कार्यक्रमसंग साझेदारी गरिनेछ र आवश्यक स्थानहरुमा सोलार वत्ति र सडक पोल, लाईट जडान गरिने छ ।
- वन वातावरण जोगाउन बृक्षारोपण, क्रेट जाली वितरण र फोहोर मैला व्यवस्थापन गरिनेछ ।

- गाउँपालिका भित्र रहेको एम्वुलेन्स मर्मत तथा व्यवस्थापन गरिनेछ, रौतामाई गाउँपालिकासंगको साझेदारी दमकल सुविधालाई निरन्तरता दिईनेछ । सोका लागि आवश्यक रकम विनियोजन गरिनेछ ।
- विपद् जोखिम उत्थानशिल आयोजना संचालन गरिनेछ ।
- पहिरो संरक्षण,नदी कटान रोक्ने, सडक पाखा संरक्षण तथा सडक नाली व्यवस्थापन गरिदै लगिनेछ ।
- जोखिम संवेदनशील क्षेत्र पहिचान, जोखिम न्युनीकरण सचेतना कार्यक्रम तथा स्वयम् सेवक परिचालनको व्यवस्था गरिनेछ ।
- सामुदायीक वनमा पर्यापर्यटन तथा प्राकृतिक वगैचा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- विपद, वातावरण सम्वन्धी विभिन्न दिवसहरु मनाउने कार्यक्रमहरु गरिनेछ ।
- सिसाजन्य तथा प्लाष्टिकजन्य फोहरमैला जथाभावी विसर्जन कार्यलाई निषेध गरिनेछ ।
- सामुदायीक वनसंगको साझेदारीमा वन क्षेत्रको खुल्ला रहेका जग्गाहरुमा कृषि बन निर्माण गरिनेछ ।
- POLUTER PAY SYSTEM लागु गरिने छ। सोकालागि घरायसी तथा औघोगिक क्षेत्रबाट उत्सर्जित फोहरमैला व्यस्थापनकालागि फोहर संकलनकै बखतमा मासिक प्रदुषण शुल्क संकलन गरिने छ।

४. संस्थागत विकास तथा सुशासन तर्फ

- गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि ठेक्का आह्वान गरिएको छ। आगमी ३ बर्ष भित्र गाउँपालिकाको आफ्नै सुविधासम्पन्न भवनबाट एकद्वारबाट सेवा प्रदान गरिने छ ।
- कर्मचारीहरूको नियमितताका लागि विद्युतीय हाजिरिलाई आगामी श्रावण देखि अनिवार्य गरिने छ । सोको आधारमा मात्र तलब सुविधाको प्रवन्ध गरिने छ।
- चालू प्रकृतिका खर्च गर्ने अख्तियारी वडाहरूलाई नै प्रदान गर्ने व्यवस्था गरिने छ।
- करदाताहरुलाई करदाता शिक्षा सम्बन्धि गोष्ठी सञ्चालन गरिनेछ । दीगो राजश्वको माध्याम आन्तरिक राजश्वलाई बनाउने नीति अंगीकार गरिने छ ।
- प्रदेश लोकसेवा आयोगसमेतको परामर्शमा योग्यता पुगेका कर्मचारीहरूलाई स्तरवृद्दि गर्नुका अतिरिक्त रिक्त पदहरूमा प्रतिशत निर्दारण र विज्ञापनका लागि सिफारिश गरिनेछ ।
- रिक्त स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यकर्मीहरूको आपूर्तीकालागि करार सेवामा लिईनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारी शाखा प्रमुखहरुलाई कार्यालय व्यवस्थापन, सेवा प्रवाह, सिफारिस तथा प्रमाणिकरण सम्बन्धि अभिमुखीकरण प्रदान गरिनेछ ।
- बाँकी स्थानहरुमा टोल विकास संस्था गठन गरिने र त्यसै मार्फत योजनाहरु संचालन गरिनेछ ।
- वडा तथा टोल विकास परिचालन सहायता कार्यक्रम संचालन गरिनेछ । हालका सामाजिक परिचालक पदमा कार्यगरिरहेका कर्मचारीहरूलाई उक्त कार्यक्रममा समायोजन गरिने छ त्यसका लागि आवश्यक कार्यविधी तर्जुमा गरिनेछ ।
- वडा र समुदाय स्तरमा कानूनी साक्षरता कार्यक्रम सञ्चालन गरिने छ ।
- कार्यालयलाई आवश्यक पर्दा सम्झौताका आधारमा मात्र मिडीया कार्यक्रम सन्चालन गरिनेछ ।
- गाउँपालिका भरि खटीएका कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा थप उत्साह ल्याउन कर्मचारी पुरस्कारको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- सेवा प्रवाहलाई आधुनिक र नियमित गर्न नयाँ रक्त सञ्चारका लागि उमेर हद ५३ वा सेवा अवधी २० वर्ष पारगरेका कर्मचारीहरूलाई कार्यविधि तर्जुमा भए अनुसार गोल्डेन हेन्डसेक कार्यक्रम लागू गरिनेछ । उक्त कार्यक्रम मार्फत स्वेच्छिक अवकासका लागि प्रोत्साहित गरिने छ।
- मानवअधिकार मैत्री गाउँपालिका घोषणा कार्यक्रमका लागि पुर्वाधार कार्यक्रमको थालनी गरिनेछ ।

५. रोजगार सेवा केन्द्र तर्फ

- आ.व. २०८०/०८१ देखि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारी कायम गरिनेछ । वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रबर्धन र भौतिक पूर्वाधारको समेत विकास गरिनेछ । त्यस्तै पालिका र वडा स्तरीय आयोजनामा समेत रोजगार सेवाकेन्द्र मार्फत श्रमिकको आपुर्ति गरिनेछ। यस्तो साझेदारीमा आवश्यक कार्यविधी बनाएर श्रमिकको ज्याला खर्च प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत र अन्य निर्माण सामग्री तर्फको खर्च पालिका तथा वडा स्तरबाट योगदान हुनेछ ।
- स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ ।
- बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणलीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ । पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएकालाई उनीहरुको सीप र क्षमताको स्थानीय स्तरमै प्रयोग गर्न आवश्यक नीति बनाएर समन्वय गरिनेछ ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वन गरिनेछ ।
- बैदेशिक रोजागरीमा जाने ब्यक्तिहरूको लागि आवश्यक पर्ने जानकारी उपलब्ध गराईने छ ।
- बैदेशीक रोजगारीमा रहदा विभिन्न समस्यामा परेका व्यक्तिहरुको समस्या समाधानको लागि सहजीकरण गरिनेछ ।
- राहादानी बनाउनको लागि अनलाईन फारम भरिने छ ।
- संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिने छ । गरिवी न्यूनीकरण तथा रोजगारीका अवसरमा वृद्धि गर्न पहलकदमी चालिनेछ ।
- स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरि श्रममूलक योजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभूति गराइने छ ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्दन गर्न आवश्यक सिपमुलक पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकारी र समन्वयमा जोड दिईने छ । 'युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संग्लग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।
- रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइने छ । पालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिने छ ।
- कुनै पनि काम ठुलो या सानो हुदैन भन्ने भावनाको जागृति गराई कामको सम्मान गर्ने परिपाटीको निर्माण गर्दै स्वरोजगार उन्मुख जिवनशैली, उपर्युक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको थप व्यवस्थापन गर्ने उदयपुरगढी गाउँपालिकाको नीति हुनेछ ।
- पालिकामा भएका विभिन्न शाखाहरुसँग समन्वय गरी रोजगारमूलक आयोजनाहरु सञ्चालन गरिनेछ ।
- श्रमको सम्मान गर्ने परिपाटीको विकास गरिनेछ ।
- गाउँपालिकाले श्रम तथा रोजगारको समग्र बिषयलाई शोषणमुक्त, सुरक्षित, लाभदायी र व्यवस्थित गर्न श्रम तथा रोजगार शाखा/उप-शाखा मार्फत युवाहरुको रोजगार/बेरोजगारको अवस्थाको तथ्यांक संकलन/प्रसोधन, रोजगार (बैदेशिक रोजगार) लक्षित सुचना तथा परामर्श, सीप तालिम तथा मर्यादित पेशामा सहभगिताका लागि दिगो सेवा प्रदान गर्ने नीति लिईनेछ ।
- स्वदेश तथा वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित, लाभदायी र व्यवस्थित गर्न स्थानीय सरकारले गरे वा लगाएका कार्यक्रमहरुमा लगानी बढाउने निति लिईने छ ।
- बैदेशिक रोजगारबाट आर्जन गरेको सीप, अनुभव, पुजी र प्रविधीको आदान प्रदान गरी स्थानीय स्तरमा रोजगारी सृजना, वित्तिय साक्षरता मनोसामाजिक परामर्श सेवा, सुचना तथा परामर्श सेवाका कार्यक्रमहरुमा रोजगार बजारमा रहेका युवाहरुको सहभगिता सुनिश्चित गरिनेछ ।
- आगामी ५ वर्षमा भित्र २ हजार बेरोजगारलाई कम्तीमा १०० दिनको रोजगारी प्रदान गरिनेछ ।

आदर्णिय सभाषदज्युहरू अब म सामाजिक बिकास तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६. सामाजिक विकास

शिक्षा,युवा तथा खेलकुद तर्फ

- शिक्षालाई गुणस्तरीय बनाउन नियमित अनुगमन र नियमन गरिनेछ ।
- गाँउपालिका क्षेत्रका उत्कृष्ठ विद्यालय पहिचान गरी प्रोत्साहन अनुदान उपलब्ध गराईने छ ।
- राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गरिने छ ।
- स्थानिय पाठ्यक्रम अनुसारको आधारभूत तहमा पाठ्यपुस्तक लेखन , छपाई तथा विद्यालयमा वितरण गरिने छ ।
- एकिकृत शैक्षिक व्यवस्थापन सुचना प्रणालीमा सबै विद्यालयका कम्तिमा १ शिक्षकको क्षमता विकास गरिने छ ।
- २ जना खेलशिक्षकलाई प्रशिक्षक प्रशिक्षण तालिमको व्यवस्थागरी विद्यार्थीको खेलकुद विकासमा टेवा पुर्याईने छ ।
- गाउँपालिकास्तरीय महिला पुरुष भलिवल प्रतियोगिता सञ्चालन गरी प्रतिभा पहिचान कार्य गरिनेछ भने वडाहरूमार्फत दिवस, चाडबाड लक्षित खेलकुद कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- विद्यालयहरूलाई हरेक सुक्रबार कम्तिमा १ वटा अतिरिक्त कृयाकलाप सञ्चालन गर्न निर्देशन दिईनेछ । गाउँपालिका स्तरीय कम्तिमा ३ वटा अतिरिक्त कृयाकलाप सम्बन्धि प्रतियोगिता सञ्चालन गरिने छ । सोकालागि कार्यक्रम खर्चमा रकम बिनियोजन गरिने छ ।
- अंग्रेजी माध्यममा शिक्षण गर्ने विद्यालयलाई प्रोत्साहन प्रदान गरिनेछ ।
- विद्यालय समायोजन, गाभ्ने, खारेजी र शिक्षक दरवन्दी मिलान कार्य गरिनेछ ।

महिला तथा बालबालिका तर्फ

- महिलाहरु माथि हुने विभिन्न प्रकारका हिंसाहरु अन्त्यमा जोड दिईनेछ ।
- महिलाहरुलाई आत्मनिर्भर बनाउन सिप बिकास, स्वावलम्वन र स्वरोजगारीका कार्यक्रम ल्याईनेछ ।
- बालबालिकाहरु माथि हुने हिंसा साथै बालविवाह न्युनीकरणमा जोड दिईनेछ । बालमैत्री गाउँपालिकाका लागि बाल आधारपत्र तयार गरिनेछ।
- महिलाहरुको हरेक क्षेत्रमा सक्रिय सहभागीता, महिलाका हक अधिकार का बारेमा जागरुक बनाउन पहल रहनेछ ।

- ❖ लैंगिक हिंसा निवारणकोषको व्यवस्था र परिचालन गरिने छ।
- ❖ यस गाउँपालिका सर्पदंश प्रभावित पालिका हो, यसलाई न्युनिकरण गर्न र उपचारकालागि आवस्यक बजेटको व्यवस्था गर्ने नीति अंगीकार गरिने छ ।
- ❖ मृगौला रोगी, डायलासिस गरिरहेको, क्यान्सर रोगी, मेरुदण्ड पक्षघात भएका विरामीका लागि उपचार खर्च उपलब्ध गराउने नीति लिईने छ ।
- ❖ जातीय छुवाछुत अन्त्य गर्ने कार्यक्रम जस्तै सहभोज, सचेतना, कानुनी प्रशिक्षण गर्ने नीति लिईने छ ।
- ❖ जनजाती, दलित लक्षित लोकसेवा तयारी गराई स्थानीय स्तरमै लोकसेवा तथा निजामती सेवा प्रतिको नागरिकको चासो बृद्दि गर्ने नीति लिईने छ ।
- ❖ प्रदेश सरकार, गाउँपालिका र करुणा फाउण्डेशन नेपालको त्रिपक्षीय साझेदारीमा यसै आ व लाई आधार वर्ष मानी अपाङ्गता रोकथाम तथा पुन स्थापना CBR कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ क्रमश बालमैत्रि वडाहरु घोषणा गर्दै लगिनेछ । यसका लागि गैरसरकारी संस्थाहरूको सहयोग र साझेदारीको अपेक्षा गर्ने नीति लिइने छ ।
- ❖ आगमी आ.व. भित्र कम्तिमा १०० घरधूरीमा फुस्को छानो विस्थापन गरी सुरक्षित नागरिक आवासको सुविधा प्रदान गरिने छ भने कम्तिमा सात घरधूरी जनता आवास कार्यक्रमबाट लाहवान्बित हुनेछन् ।

<u>स्वास्थ्य शाखा</u>

- ➢ गाउपालिका स्तरीय निर्माणाधिनको क्रममा रहेका आधारभूत अस्पतालको निर्माण कार्य सम्पन्न भए पश्चात, स्वास्थ्य सस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।
- ➢ स्वास्थ्य चौकी तावाश्रीको स्वास्थ्य भवनको निर्माण कार्य २०८०।०८१ मा सम्पन्न गरी सो स्वास्थ्य संस्थाबाट नियमित स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।
- ➢ स्वास्थ्य चौकी बर्रेको भौतिक पूर्वाधार निर्माणको लागी २०८०।०८१ मा DPR को थालनी गरिनेछ ।
- ➢ उदयपुरगढी गाउंपालिका वडा नं. ६ मा रहेका आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा नागरिक आरोग्य केन्द्रको लागी जग्गा व्यवस्थापन तथा भौतिक पूर्वाधार निर्माण कार्यको थालनी यसै आ.व. मा प्रारम्भ गरिनेछ ।
- ➢ बर्थिङ सेन्टर नभएका वडाहरुमा मापदण्ड पुगेका स्वास्थ्य केंन्द्रमा बर्थिङ सेन्टर निर्माण गरी गुणस्तरीय सेवा प्रवाह गरिनेछ ।
- ➢ स्वास्थ्य संस्थाहरुबाट नि:शुल्क वितरण भै रहेका ९८ प्रकारका औषधि आवश्यकता अनुसार परिपूर्ति गरिनेछ ।
- ➢ बालबालीका तथा किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाको बिस्तार गरी सेवा प्रवाह गरिनेछ ।
- ➢ आवश्कताका आधारमा स्वास्थ्यकर्मीहरुको स्वास्थ्य सम्बन्धि ज्ञान र सिपमा अभिवृद्धि गराईनेछ ।
- ➢ जेष्ठ नागरिक,असाहाय,अपाङ्ग व्यक्तिहरुको लागी नि:शुल्क उपचार तथा व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।
- ➢ अति विपन्न घर परिवारहरुको लागी स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ➢ नियमित खोप कार्यक्रमको निरन्तरता, पूर्णखोप सुनिश्चितता र दगिोपना कायम गरिनेछ ।
- ➢ गाउंपालिका भरिका स्वस्थ्य संस्थाहरुमा कार्यरत उत्कृष्ठ कर्मचारीहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।
- ➢ गाउंघर क्लिनिक तथा वडा वडामा शिविर मार्फत सामुदायमा गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

- ➢ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ➢ स्वास्थ्य संस्थाहरुमा फोहोर मैला व्यवस्थापनको लागी आवश्यकताको आधारमा सरसफाई तथा स्वास्थ्य सुरक्षा सामाग्रीहरु उपलब्ध गराईनेछ ।
- ➢ स्वास्थ्य संस्थाहरुमा आवश्यकताको आधारमा अपुग विद्युत्तीय सामाग्रीहरु उपलब्ध गराईनेछ ।
- ➢ कोभिड १९ लगायत संक्रामक रोग नियन्त्रण अभियान सञ्चालन गरिनेछ ।
- ➢ पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ➢ गाउंपालिका अन्तर्गत संचालनमा रहेका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यको मापदण्ड अनुसारको भौतिक पूर्वाधारको व्यवस्था गरिनेछ ।
- ➢ महामारी तथा सर्ने र नसर्ने रोगहरुको जोखिम र न्युनिकरण तर्फ जनचेतना तथा समाधानको उपाय अवलम्वन गरिनेछ ।
- ➢ अति विपन्न परिवारका सदस्यहरुलाई गाउापालिकाका स्वास्थ्य संस्था बाहिर उपचारका लागि जानूपर्ने भए एम्बूलेन्स सेवा उपलब्ध गराईनेछ ।
- ➢ बालबालीका, जेष्ठनागरीक तथा सूत्केरी महिलाको घर घरमा स्वास्थ्य सेवा दिने व्यवस्था मिलाईनेछ ।
- ➢ बडा बडामा शिविर घर घरमा स्वास्थ्य कार्यक्रम तय गरिनेछ ।

अन्त्यमा,राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मी,किसान, मजदुर,उद्योगी, व्यवसायी, वैक तथा वित्तीय क्षेत्र, सहकारी, आम जनसमुदाय, संघ संस्था, नागरीक समाज, सञ्चारकर्मी लगायत सम्पुर्ण उदयपुरगढीका दाजुभाई तथा दिदिवहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । उदयपुरगढीको विकास र समृद्दीको लक्ष्य हासील गर्न निरन्तर सहयोग पुर्याउदै आउनु भएका, विकास साझेदार उदयपुरगढी गाउँपालिका बासीलाई हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत निरन्तर सहयोग प्राप्त भईरहने विश्वास व्यक्त गर्दै विदा हुन्छु ।

। धन्यवाद ।

मान वहादुर केप्छाकी मगर
अध्यक्ष
उदयपुरगढी गाँउपालिका, उदयपुर

गाउँपालिका उपाध्यक्ष श्री जीत वहादुर खडकाबाट प्रस्तुत आ व २०८०।८१ को बजेट तथा कार्यक्रम बक्तव्य

उदयपुरगढी गाउँपालिकाको नियमित गाउँसभा अधिवेशनमा उपस्थित हुनु भएका सभा अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरू, पत्रकार मित्रहरू, महिला तथा सज्जनवृन्द लागायत सम्पूर्ण कर्मचारीहरू र सुरक्षाकर्मीज्यूहरू ।

१ लोकतन्त्र आफैमा जनमुखी शासन विधि र प्रक्रिया हो । स्थानीय सरकारले लोकतन्त्रको मूल्य, मान्यता र विधिलाई कानून तर्जुमा, सेवा प्रवाह, विकास र विपद् व्यवस्थापनका माध्यमबाट स्थानीयकरण गरेका छन । नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनी व्यवस्थाले स्थानीय तहलाई नीति निर्माण, विकास व्यस्थापन, श्रोत साधनको परिचालन, सेवा प्रवाह एवं सुशासन र विपद् व्यवस्थापनको कार्यसूची प्रदान गरेको छ। स्थानीय तहमा जनताबाट प्रत्यक्ष निर्वाचित नेतृत्वलाई कार्यकारिणी, विधायकी र न्यायिक अधिकार प्रदान गरी लोकतन्त्रको बैधता र विश्वासलाई जनताकै मन मस्तिष्कबाट अनुमोदन हुने अवसर प्राप्त भएको छ ।

जनताको मनमस्तिकले छुने, देख्ने तथा अनुभूत गर्ने सरकार नै स्थानीय सरकार हो । यो नागरिकको समस्यासँग सबैभन्दा नजिकको प्रत्यक्ष सरोकार राख्ने सरकार पनि हो । स्थानीय सरकारले नागरिकहरूको घर आँगनमा पुगेर सेवा दिने र समस्याहरूको नजिकबाट शिघ्र अवलोकन र सम्बोधन गर्ने हुँदा जनतालाई सरकारको बास्तविक उपस्थितिको प्रत्याभूति समेत दिलाएको हुन्छ ।त्यसैले स्थानीय सरकार कानून तर्जुमा, सेवा प्रवाह, विकास र विपद् व्यवस्थापनमा निरन्तर सक्रिय छ ।

२ लोकतन्त्रको सुन्दर पक्ष आवधिक निर्वाचन हो । संघीय निर्वाचन जारी पश्चात देश संघीय लोकतान्त्रीक गणतन्त्र स्थापना भए पश्चातको दोश्रो स्थानीय निर्वाचन सम्पन्न भएको एक वर्ष पुरा भै सकेको छ । जनतालाई अधिकार सम्पन गरी समृद्ध बनाउने लक्ष्यलाई पुरा गर्न स्थानीय सरकारको अहम भूमिका छ । हामी निर्वाचित भएर कार्य प्रारम्भ गरेको एक वर्षे कार्यकालमा जनअपेक्षा अनुरुप सुशासनको अनुभूति दिलाएको हाम्रो प्रयास आँसिक रूपमा सफल भएको छ ।

३ मुलुकको अर्थतन्त्रमा आएको संकुचनको चपेटामा देश परिरहेको सन्दर्भमा हामी त्यसबाट अछुतो रहन सक्रे कुरै भएन ।यसका बावजुद सीमित बजेटको परीधि भित्र स्थानीय समुदायको आवश्यकता र चाहनालाई सम्बोधन गर्न पक्कै सहज छैन । यद्यपी समस्याको प्रथामिकीकरण गर्दै अतिविपन्न र विकासको मूल प्रवाहबाट अलग रहेको क्षेत्रलाई मूल प्रवाहीकरण गर्दै आ.व. २०८०/०८१ को बजेट तर्जुमा गरिएको व्यहोरा सादर निवेदन गर्न चाहन्छु ।

४ यस अवधिमा हामीले उदयपुरगढीको भौतिक, सामाजिक र आर्थिक विकासमा केही महत्वपूर्ण कार्यहरूको प्रारम्भ गरेका छौं ।खासगरी विकासको अनुभूतिबाट टाढा रहेका सिमान्तकृत वर्ग, क्षेत्र र सम्प्रदायको हितमा आर्थिक वर्ष २०८०/०८१ बजेट केन्द्रीत रहेको छ ।

५ बजेट तर्जुमा गर्दा नेपालको संविधान, आवधिक योजना, दिगो विकास लक्ष्य, नेपाल सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम, नेपाल सरकारको नीति तथा कार्यक्रम, कोशी प्रदेश सरकारको नीति तथा कार्यक्रम, उदयपुरगढी गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, गत वर्षको नीति तथा कार्यक्रम, विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकता उपर भाएको छलफलको क्रममा अदरणिय सदस्यहरुबाट प्राप्त सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु । यसैगरी राजनीतिक दल, संघ संस्था, विद्धान वर्ग, टोल विकास समितिहरु र आम उदयपुरगढीबासी लगायत सबैबाट प्राप्त सुझावलाई समेत आधार बनाएको छु । आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा जनअपेक्षालाई सम्बोधन गर्ने र उदयपुरगढी गाउँपालिकाबासीमा आशा र भरोसाको सञ्चार गर्ने जिम्मेवारी बोध गरेको छु ।

६ यस अवसरमा आजको यो राजनैतिक अवस्था प्राप्तिको निम्ति आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।उदयपुरगढी गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहदा हाम्रो भुगोल, सामाजिक पृष्ठभूमि, विकासप्रतिको धारणा र संस्कृति, कानुनी व्यवस्था र राज्यको पुनरसंरचनाको प्रारम्भिक अभ्यासको एक दशक पनि भैनसकेको अवस्थामा जनअपेक्षा र हाम्रो आफ्नै चाहना समेत बजेट तथा कार्यक्रममा सम्पूर्ण रूपमा समावेश गराउने प्रयत्न पूर्ण नहुन सक्छ । यद्यपी, हाम्रो संरचनागत कानुनी र आर्थिक अवस्था र उदयपुरगढी गाउँपालिकाको बजेट तथा योजना तर्जुमा समितिको सिफारिसका आधारमा उदयपुरगढी गाउँपालिकाको आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रम यस सम्मानीत सभामा पेश गर्ने अनुमति चाहन्छु ।

आदरणिय अध्यक्ष ज्यू

अब म उदयपुरगढी गाउँपालिकाको आगामी आर्थिक बर्षको आय तर्फको बजेटको सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

७ संघिय सरकारबाट प्राप्त हुने न्यूनतम अनुदान ३ करोड ५० लाख, सुत्रमा आधारित अनुदान १० करोड ७६ लाख र कार्य सम्पादनमा आधारित ६१ लाख गरि कूल वित्तीय समानीकण अनुदान **१४ करोड ८७ लाख** प्राप्त हुने अनुमान गरिएको छ । साथै अन्तर स्थानीय तह साझेदार रकम (समन्वय समितको मैज्दात कोष, स्थानीय पुर्वाधार विकास विभाग, पालिकाको १५ शैयाको आधारभुत अस्पतालमा, सडक बोर्ड नेपालबाट प्राप्त हुने) रु ७ करोड ८७ लाख ४५ हजार प्राप्त हुने अपेक्षा गरेको छु ।

८ त्यस्तै संघिय सरकारबाट चालु २५ करोड ५५ लाख, पुँजिगत ३ करोड ९ लाख, समपुरक अनुदान १ करोड, विषेश अनुदान ६५ लाख गरि **शसर्त तर्फ** कुल ३० करोड २९ लाख प्राप्त हुने अनुमान गरेको छु । ९ संघिय सरकारबाट **राजश्व वाँडफाँड** भई प्राप्त हुने मुल्य अभिवृद्धि कर ७ करोड, अन्तशुल्क ४ करोड २५ लाख ६६ हजार गरि जम्मा **११ करोड २५ लाख ६६ हजार** प्राप्त हुने अनुमान गरेको छु ।

१० **संघिय विभाज्य कोषबाट** वन रोयल्टी तर्फ रु २३ लाख ४९ हजार र खानी रोयल्टी वापत १७ लाख ४ हजार गरि कुल **४० लाख ५३ हजार** प्राप्त हुने अनुमान गरेको छु ।

११ **सामाजीक सुरक्षा भत्ता कार्यक्रम** वापत रु ११ करोड ६४ लाख १७ हजार ५ सय प्राप्त हुने अनुमान गरेको छु ।

१२ त्यस्तै प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान तर्फ न्युनतम अनुदान १६ लाख २५ हजार र सुत्रमा आधारित अनुदान ७९ लाख ५४ हजार गरि कुल **रु ९५ लाख ७९ हजार** प्राप्त हुने अनुमान गरेको छु । १३ प्रदेश सरकारबाट चालु शसर्त रु २४ लाख ७५ हजार र पुँजिगत तर्फ रु ४५ लाख ५१ हजार गरि कुल **रु ७० लाख २६ हजार** प्राप्त हुने अनुमान गरिएको छ भने समपुरक अनुदान तर्फ रु ७० लाख प्राप्त हुने अनुमान गरेको छु ।यसरी प्रदेशको सशर्त अनुदान तर्फ जम्मा **रु १ करोड ४० लाख २६ हजार** प्राप्त हुने अनुमान गरेको छु ।

१४ साथै प्रदेशबाँडफाँड कोषबाट सवारी साधन करको राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम रु ५४ लाख ३ हजार अनुमान गरेको छु ।

१५ गाउँपालिकाको आगामी आ व को अनुमानित आन्तरीक आय तर्फ कर राजश्व रु ४२ लाख १० हजार र गैह्र कर राजश्व ६१ लाख ४५ हजार गरि कुल रु १ करोड ३ लाख ५५ हजार प्राप्त हुने अनुमान गरेको छु ।

१६ यसरी संघिय सरकार, प्रदेश सरकार, अन्तर सरकारी अनुदान र गाउँपालिकाको आन्तरीक आय लगायतबाट आगामी आ व का लागि कुल **रु ८० करोड २७ लाख ४४ हजार ५** सय प्राप्त हुने अनुमान गरेको छु ।

आदरणिय अध्यक्ष ज्यु,

अब म उदयपुरगढी गाउँपालिकाको आगामी आर्थिक बर्षको व्यय तर्फको बजेटको सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१७ विगत र चालु आ व को खर्चको प्रबृती हेर्दा चालु तर्फको खर्च अधिक बृद्धि हुँदै गएको देखिन्छ । तलव भत्ता, सामाजिक सुरक्षा, प्रशासनिक खर्च लगायतको साधारण खर्च निरन्तर वढ्दो क्रममा रहेको छ । चालु खर्च तर्फ १२ करोड ७५ लाख ७७ हजार विनियोजन गरेको छु। यसको श्रोत व्यवस्थापनका लागि संघिय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने राजश्व वाँडफाँडको खर्चवाट व्यहोर्ने व्यवस्था मिलाएको छु ।

१८ कुल बजेटको पुँजिगत तर्फ रु २५ करोड ९० लाख २९ हजार र चालु तर्फ ५४ करोड ३७ लाख १५ हजार ५ सय विनियोजन गरेको छु ।

१९ संघ, प्रदेश र स्थानिय तिन वटै सरकारको साझेदारीमा निर्माण गर्न लागिएको नेपालटार-उदयपुरगढी दरबार मोटरबाटो स्तरोन्नति तथा कालोपत्रे आयोजनाका लागि संघिय सरकारवाट १ करोड, प्रदेश सरकारवाट ७० लाख र गाउँपालिकाबाट रु २ करोड रुपैया साझेदारी गरि कुल रु ३ करोड ७० लाख रकम विनियोजन गरेको छु ।उक्त रकमवाट यसै साल वहुवर्षिय ठेक्का आव्हान गरि आगामी ३ बर्ष भित्र स्टक्चर सहितको कालोपत्रे सडक निर्माण गर्ने लक्ष्य लिएको छु ।

२० नेपाल सरकारको नाउँमा दर्ता कायम रहेको गाउँपालिका कार्यालय रहेको जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ अनुसार उपयोगको प्रमाणपत्र प्राप्तिको लागि आवश्यक कार्य अगाडी बढाईएको छ । गाउँपालिकाको प्रशासकिय भवन निर्माणका लागि स्थानिय पुर्वाधार विकास विभागको साझेदारी रकम रु २ करोड ६२ लाख ५० हजार र गाउँपालिकाबाट रु १ करोड ७५ लाख रुपैया साझेदारी गरि कुल रु ४ करोड ३७ लाख ५० हजार रकम विनियोजन गरेको छु । उक्त रकमवाट यसै साल वहुवर्षिय ठेक्का आव्हान गरि आगामी ३ बर्ष भित्र सम्पन्न गरि एक द्धार प्रणालीवाट सेवा प्रवाह हुने व्यवस्था मिलाएको छु ।

२१ पालिका अन्तर्गत निर्माणाधिन १५ शैयाको आधारभुत अस्पतालको निर्माण कार्यका लागि संघिय सरकारवाट रु ५ करोड प्राप्त हुने अनुमान गरेको छु । आगामी २ बर्ष भित्र उक्त आयोजना सम्पन्न हुने लक्ष्य लिएको छु ।

२२ **सबैका लागि खेदकुद स्वास्थ्यका लागि खेलकुद** भन्ने नाराका साथ आगामि आर्थिक बर्षमा नेपालटार कभर्डहल र उदयपुरगढी कभर्डहल निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको छु । यसको लागि नेपालटार कभर्ड हलका लागि रु १ करोड ७ लाख र उदयपुरगढी कभर्ड हलका लागि रु ३० लाख १० हजार बजेट विनियोजन गरेको छु ।

२३ स्वास्थ्य सेवालाई व्यवस्थित गर्नका लागि चालु आर्थिक वर्षमा सुरु गरिएको स्वास्थ्य चौकी तावाश्री भवन निर्माण सम्पन्न गरि सेवा प्रबाह समेत सोही भवनबाट गर्ने गरी रु ७० लाख बजेट विनियोजन गरेको छु ।

२४ आगामी आर्थिक वर्षमा ७ वटा झोलुङ्गे पुल निर्माणका लागि संघिय सरकार शसर्त अनुदानबाट रु २७ लाख र गाउँपालिका समपुरकबाट ५ लाख गरी जम्मा ३२ लाख विनियोजन गरेको छु ।

२५ सडक वोर्डसंगको साझेदारीमा सडकहरुको मर्मतका लागि संघिय सरकार शसर्त अनुदानबाट रु २० लाख र गाउँपालिका समपुरकबाट १० लाख गरी जम्मा ३० लाख विनियोजन गरेको छु ।यसवाट गाउँपालिकाको केहि सडक योजनाहरु मर्मत भई स्तरोन्नती हुने अपेक्षा गरेको छु ।भने सानातिना बडा तथा टोल स्तरका सडक वाटोहरुको वाह्रै महिना सञ्चालनका लागि बडा तहबाटै मर्मत संभारका लागि रु ६३ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

२६ आगामी आ व मा सुरक्षाका दृष्टिकोणले संवेदनशिल रहेको क्षेत्रका लागि सडक बत्ती जडान, गाउँपालिका अन्तर्गत रहेका संस्थागत कार्यालयहरुमा सोलार बत्ती जडान र संस्थागत सोलार सेट जडान गर्न संघिय सरकारको रु ८ लाख र गाउँपालिकाको रु ८ लाख गरि कुल रु १६ लाख विनियोजन गरेको छु र यसका अतिरीक्त वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रबाट समेत लागत साझेदारीमा सोलार लिफ्टीङ्गको आयोजना सञ्चालन गरिनेछ ।

२७. पुन: निर्मित पुरानो गढी दरवारको सुरक्षा, प्रचारप्रसार एवम् सौन्दर्यिकरण कार्यका लागि रु २० लाख विनियोजन गरेको छु । यसवाट आन्तरीक तथा वाह्यि पर्यटन प्रबर्द्धन हुने अपेक्षा गरेको छु ।

२८. आगामी अ व मा सुचिकृत भएका वेरोजगारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ४०० जनालाई न्युनतम रोजगारी दिईनेछ । यसको लागि संघिय सरकारवाट ४६ लाख ११ हजार र गाउँपालिका तर्फको ८ लाख गरि कुल ५४ लाख ११ हजार रकम विनियोजन गरेको छु ।यस पालिका भित्र सञ्चालन हुने कुनै पनि योजनाहरु सञ्चालन गर्दा सुचिकृत वेरोजगारहरुलाई पहिलो प्राथमिकता दिई रोजगारी दिने व्यवस्था मिलाईनेछ ।

२९ गाउँपालिकाको वडा नं २ लाई एक घर एक धारा सम्पन्न गरि घोषणा समेत गर्नका लागि रु ९ लाख वजेट विनियोजन गरेको छु । त्यस वडाबाट विनियोजित टुक्रे खानेपानी योजना समेत उक्त कार्यक्रममा नै कार्य गर्ने गरि थप ३ लाख विनियोजन गरेको छु ।सन २०२८ भित्रमा स्वच्छ खानेपानी युक्त गाउँपालिका घोषणा गर्ने गरि कार्य अगाडी वढाएको छु ।

३०. प्रस्तावना, गाउँपालिकाको आवश्यकता र प्राथमिकता समेतलाई मध्यनजर गरि विकासका साझेदार गैह्र सरकारी संस्थाहरुसंगको साझेदारीमा कार्य गर्नका लागि रु १० लाख वजेट विनियोजन गरेको छु ।यसका लागि त्यस्ता संघ संस्थाहरुको वजेट तथा कार्यक्रम यसै सभा मार्फत पारित गरिकन मात्रै कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

३१ गाउँपालिकाको वडा नं ३ मा रहेको स्वास्थ्य चौकी जरुवा निर्माणका लागि डिपिआर गर्न र ठेक्का समेत आव्हान गरि कार्य थालनी गर्न रु २० लाख वजेट विनियोजन गरेको छु ।उक्त स्वास्थ्य संस्था आगामी २ वर्ष भित्र सम्पन्न गर्ने लक्ष्य लिएको छु ।

३२. आगामी आ व के लागि गाउँपालिका भरि टुक्रे सडक,भवन पुर्वाधार, कुलो पैनी, नाली निर्माण तथा मर्मत गर्नलाई पुर्वाधार शिर्षकमा रु २ करोड ३३ लाख ९९ हजार वजेट विनियोजन गरेको छु ।

३३ जस अन्तर्गत गेर्खे गिरीटोल सिरबानी सिमसिमे रिङ्ग रोड निर्माणका लागि रु १० लाख, वागदुङ्गा तोरी भञ्ज्याँङ्ग सडक स्तर उन्नतीका लागि रु ६ लाख, माईली खहरे लिपे खोला छापा खोला कल्भर्ट निर्माणाका लागि रु १५ लाख, खत्रीटार धप्पर लाहान सडक मर्मत तथा निर्माणका लागि ७ लाख ५० हजार, गैडाखोर गोठडाँडा चुरुम्फा सडकका लागि १० लाख, चुलाढुङ्गा डुम्रे पाँडे भञ्ज्याँङ्ग द्धवारे भञ्ज्याँङ्ग सडक स्तर उन्नतीका लागि रु १० लाख विनियोजन गरेको छु । यस पुर्वाधार विकास तर्फको विस्तृत योजनागत जानकारी अनुसूची ४ मा राखेको छु ।

३४ साना सिँचाई कार्यक्रम अन्तर्गत नयाँ ६ वटा र क्रमागत २ गरि ८ वटा सिँचाई आयोजना मार्फत ४० हेक्टर जमिनमा सिँचाई सुविधा पुग्ने अपेक्षा गरेको छु । यसको लागि स्विस सरकार, संघ, प्रदेश, गाँउपालिका उपभोक्ताको पाँच पक्षीय लगानीमा कार्य गर्न रु १ करोड ६९ लाख ५१ हजार वजेट विनियोजन गरेको छु ।

३५. बडा तथा टोल विकास परिचालन सहायता कार्यक्रम संचालन गरिनेछ । हालका सामाजिक परिचालक पदमा कार्य गरिरहेका कर्मचारीहरूलाई उक्त कार्यक्रममा समायोजन गरिने छ त्यसका लागि आवश्यक कार्यविधी तर्जुमा गरिनेछ । टोल विकास संस्था गठन थप परिचालन गर्नका लागि सुशासन तथा संस्थागत विकास तर्फ रु २० लाख विनियोजन गरेको छु ।

३६ **"पर्दा आहत तत्काल राहत"** सेवाकालागि विपद व्यवस्थापन कोषलाई प्रयाप्त वजेट विनियोजन गरिनेछ । नदि नियन्त्रण, सडक सुरक्षा समेतका लागि क्रेट जाली खरिद गरि वितरण गरिनेछ । साना तिना नदी नियन्त्रण र जग्गा नियन्त्रण तथा नदी उकासलागि वडाको बजेटबाट वढी सम्बोधन गराउन प्रोत्साहन गरिने छ ।विपद व्यवस्थापन राहत कोष लगायतको वन वातावरण शिर्षकमा रु ४० लाख विनियोजन गरेको छु ।यस अन्तर्गत विपद व्यवस्थापनका लागि क्रेट जाली खरिद कार्यका लागि रु १५ लाख विनियोजन गरेको छु । विपद न्युनिकरण तथा पुर्व तयारीका लागि वडा स्तरका विभिन्न योजनाहरु संचालन गर्न रु १५ लाख ९ हजार वजेट विनियोजन गरेको छु ।

३७ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्दी गरी क्रमश: आत्मनिर्भरता हासील गर्न, तीनै तहका सरकारबीच समन्वयमा सामुहिक तथा करार खेतीलाई प्रोत्साहन गर्दै उत्पादित वस्तुको वजारीकरण, एकीकृत राष्ट्रिय अनुदान सम्वन्धी कानून एवं कृषि अनुसन्धान, संघिय र प्रदेशको सहकार्यमा पालीकामा एक शीतगृह, कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरि किसानको उत्पादनलाई वजारीकरण गर्न, एक वडा एक सामुहीक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन नीति मार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गर्नका लागि संघिय सरकारबाट सशर्त अनुदान तर्फ कृषि तथा पशुपन्छी वजारिकरणका लागि कृषि एम्वुलेन्सको व्यवस्था गर्न रु १९ लाख ८० हजार, शित भण्डार निर्माण तथा प्रयोगका लागि रु २९ लाख ९५ हजार, साना सिँचाई प्रवर्दनका लागि १० लाख, आलु च्याउ जस्ता तरकारी वाली प्रबर्द्धनका लागि रु १० लाख विनियोजन गरेको छु । यसरी कृषि विभाग शिर्षक तर्फ रु ८५ लाख विनियोजन गरेको छु ।

३८ संघिय सशर्त अनुदान तर्फकै राष्ट्रिय खाद्य सुरक्षा मिसन कार्यक्रम तर्फ धान वाली प्रवर्द्धनका लागि रु १० लाख विनियोजन गरेको छु । यसबाट यो गाउँपालिका धान वालीमा आत्मनिर्भर हुने अपेक्षा राखेको छु ।

३९ गाउँपालिकाबाट सहकारी, कृषक फर्म र समुहहरुसंगको साझेदारीमा खाद्यान्न आत्मनिर्भर कार्यक्रम तर्फ मकैवालीको विउविजन वितरणका लागि रु १ लाख वजेट विनियोजन गरेको छु । आयात प्रतिस्थापन कार्यक्रममा सेति केरा खेतिमा उत्पादनको आधारमा प्रोत्साहन अनुदानमा रु ५ लाख ३० हजार, कृषि वन पर्यटन प्रबर्द्धनका लागि वर्षे फलफुलका विरुवाहरु रोपण गर्ने कार्यक्रमको लागि रु ५० हजार, मौरीपालन च्याउ खेति गर्ने कृषकहरु र परवल खेति गर्ने कृषकहरु, तरकारी खेतिका लागि कृषकहरुलाई प्लाष्टिक टनेल, कृषि यन्त्र उपकरण मिनि टिलर लगायतमा ५० प्रतिशत साझेदारी हुने गरि कृषकसंगको लागत साझेदारी गर्ने कार्यक्रम सहित आयात प्रतिस्थापनका लागि रु २० लाख ४५ हजार विनियोजन गरेको छु ।

४० यस्तै निर्यात प्रबर्द्धन तर्फ वडाको सझेदारीमा अदुवा वेसार उत्पादन कार्यक्रम, तरकारी वालीमा चक्लावन्दी खेती, युवा लक्षीत तरकारी खेती र साना सिँचाईको लागि कुल रु २१ लाख १० हजार विनियोजन गरेको छु ।

४१ कृषि प्रसार सेवा टेवा कार्यक्रम तर्फ आकस्मीक वाली संरक्षण सेवा, कृषक पाठशाला सञ्चालन, महिला दलित विपन्न पिछडीएको समुदाय लक्षीत कार्यक्रम, प्रस्तावनामा आधारीत कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रम, भकारो सुधार कार्यक्रम, मेला महोत्सव सहयोग कार्यक्रम लगायत कार्यक्रमहरुलाई रु १३ लाख ४५ हजार विनियोजन गरेको छु ।

४२ कृषि उपजको बजारीकरणका लागी उत्पादनोपरान्तका क्रियाकलापहरु सहज तुल्याउन सहकारी -निजि - सरकारी क्षेत्रको साझेदारिमा पोष्ट हार्भेष्ट सेन्टर, क्रेट, प्रशोधन केन्द्र आदी पुर्वाधारहरुको विकास र विस्तार गर्न, तीन खम्बे अर्थनितिलाई (सरकार,सहकारी र निजी क्षेत्र) अवलम्बन गरि सहकारी मार्फत आर्थिक बृद्धि र विकासमा जोड दिएको छु । यसका लागि नियमन प्रवर्दन र प्रशिक्षणको माध्यमबाट सहकारी क्षेत्रको विकास गरिनेछ ।स्थानीय घरेलु उद्योगको मागमा आधारीत कच्चा पदार्थको उत्पादन गरि लघु उद्यमका लागि प्रोत्साहन गर्न, गाउँपालिका भरि देखा परेका लम्पी स्कीन रोगको निरन्त्रणका लागि प्रदेश

र संघिय सरकारसंग साझेदारी गरि कार्यक्रम सन्चालन गरिनेछ । युवाहरुलाई पशुपालन तर्फ आकर्षित गर्नका लागि व्यवसायीक वंगुरपालन, वाख्रापालन, माछापालन, सामुहीक सहकारीमा आधारीत पशुपालन लगायतको कार्य गरिनेछ ।

४३ संघिय सरकारबाट सशर्त अनुदान तर्फ मासु प्रबर्द्धन (बाख्रा, वंगुर, भेंडा, पाडा पालन) कार्यक्रम तर्फ २० लाख ३८ हजार, माहामारी आकस्मीक रोग नियन्त्रणका लागि रु १ लाख, माछा प्रबर्दन कार्यक्रम तर्फ रु १० लाख, कृत्रिम गर्भाधान कार्यक्रम तर्फ रु १ लाख ५० हजार र ईपिडेमियोलोजिकल रिपोर्टीङ्गका लागि रु १२ हजार विनियोजन गरेको छु । यसरी पशुसेवा विभाग शिर्षक तर्फ रु ३३ लाख विनियोजन गरेको छु ।

४४ प्रदेश सरकारबाट सशर्त अनुदान तर्फ पशुपंक्षी खोपका लागि लजिष्टिक खरिद तथा प्राविधिक पारिश्रमिकमा रु २ लाख ५० हजार, बाख्रापालन प्रबर्द्धन कार्यक्रमका लागि रु २० लाख गरि कुल रु २२ लाख ५० हजार विनियोजन गरेको छु ।

४५ अनुदान प्रवाह गरि सञ्चालन हुने कार्यक्रमहरुमा कृषि तथा पशुपन्छी विमालाई अनिवार्य गरिने छ भने आमरुपमा समेत कृषि तथा पशुपन्छी विमालाई प्रवर्द्धन गर्न विशेष प्राथमिकता दिईनेछ । सरकारी अनुदान प्राप्त गर्ने अनुदानग्राहिहरुले अनुदानको रकम अपचलन गरेमा अनुदान रकम सरकारी बाँकि सरह असुल उपर गर्नुका साथै कालो सुचीमा राखीनेछ।त्यस्तो कृषक समुह,सहकारी वा व्यक्तीलाई कुनै पनि प्रकारको सरकारी अनुदान सुविधा प्रदान वा सिफारीस गरिने छैन । गाउँपालिका भरि देखा परेका लम्पी स्कीन रोगको निरन्त्रण र उपचारका लागि रु ७ लाख ५० हजार वजेट विनियोजन गरेको छु ।

४६ विश्व रेविज दिवस मनाउने, पशु फर्महरुलाई नश्ल सुधारका लागि वोयर वोका वितरण ५० प्रतिशत अनुदानमा वितरण गर्न ग्रामीण पशु स्वास्थ्य सेवा विस्तार कार्यक्रम तर्फ रु ५ लाख ७५ हजार वजेट विनियोजन गरेको छु।

४७ माछापालन गरि आय आर्जन गर्नका लागि माछा पोखरी निर्माणका लागि रु २ लाख विनियोजन गरेको छु ।

४८ मासु तथा दुग्धमा आत्मनिर्भर कार्यक्रम अन्तर्गत वाख्रापालन,वंगुरपालन, भेडापालन, स्थानीय कुखुरापालन कार्यक्रम तर्फ रु १४ लाख विनियोजन गरेको छु ।

४९ बाख्रापालन कार्यका लागि वाख्रा खोर निर्माण र विदेशबाट फर्किएका युवाहरुलाई बाख्रापालनमा अग्रसर वनाई उत्पादन वृद्धि गर्नका लागि रु ६ लाख वजेट विनियोजन गरेको छु ।

५० वंगुरपालन गरि मासुमा आत्मनिर्भर कार्यक्रम सञ्चालनका लागि कृषक तथा समुहहरुको साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि रु १६ लाख वजेट विनियोजन गरेको छु ।

५१ विमा अभिकर्ता तयार गरि स्वरोजगार बनाउने उद्देश्यले राष्ट्रिय विमा वोर्डको संयोजनमा विमा अभिकर्ता तालीम सञ्चालन गरिनेछ । यसको लागि रु १ लाख वजेट विनियोजन गरेको छु ।

५२ गाउँपालिकामा गठित कृषक समुह सञ्जाल परिचालनका लागि रु २ लाख ५० हजार वजेट विनियोजन गरेको छु ।

५३ आगामी आ व मा गाउँपालिकाको उद्यम विकास नीति औधोगीक नीति तर्जुमा गरिनेछ साथै उमशिलता विकास रणनीति तयार गरिनेछ, लघु उद्यम विकास कार्यक्रमको लागि रु १७ लाख वजेट विनियोजन गरेको छु।

५४ वडा स्तरबाट कार्यान्वयन गर्न आर्थिक विकास संग सम्वनधित विभिन्न योजना कार्यान्वयनका लागि रु ६९ लाख ७० हजार वजेट विनियोजन गरेको छु ।

५५ संघ, प्रदेश र गाउँपालिका तर्फ समेत गरि आर्थिक विकास तर्फ रु ३ करोड ६१ लाख २० हजार विनियोजन गरेको छु ।

आदर्णिय अध्यक्ष ज्यू

अव म सामाजिक विकास तर्फ विनियोजित वजेटहरुको वाचन गर्ने अनूमती चाहन्छु ।

५६ शिक्षालाई गुणस्तरीय वनाउन नियमित अनुगमन र नियमन गरी गाँउपालिका क्षेत्रका उत्कृष्ठ विद्यालय पहिचान गरी प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ । कम्तीमा २ जना खेल शिक्षकलाई प्रशिक्षक प्रशिक्षण तालिमको व्यवस्था मिलाईनेछ यसवाट विद्यालयको विद्यार्थीको खेलकुद विकासमा टेवा पुग्ने विश्वास लिएको छु ।राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगीता सञ्चालन गर्न, कक्षा ८ को परिक्षा सञ्चालन गर्न, उत्कृष्ठ विद्यालयलाई प्रोत्साहन अनुदान कार्यक्रमहरुको व्यवस्था मिलाएको छु । विद्यालयहरूलाई हरेक सुक्रबार कम्तिमा १ वटा अतिरिक्त कृयाकलाप सञ्चालन गरिनेछ। गाउँपालिका स्तरीय कम्तिमा ३ वटा अतिरिक्त कृयाकलाप सम्बन्धि प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । सो कालागि गाउँपालिका तर्फको समानिकरण वजेटवाट रु ४५ लाख विनियोजन गरेको छु ।

५७ सामाजीक विकास तर्फ संघिय सरकारबाट प्राप्त हुने रु १४ करोड ८७ लाख, प्रदेश सरकारवाट प्राप्त हुने रु १० लाख २५ हजार र गाउँपालिकाबाट विनियोजित रु १ करोड गरि कुल हुन आउने रु १५ करोड ९७ लाख २५ हजार सामाजिक विकास तर्फ विनियोजन गरेको छु ।

५८ जस अन्तर्गत माध्यमिक तथा आधारभुत तहका शिक्षक कर्मचारीका लागि रु १४ करोड ३ लाख, वालविकास सहजकर्ता र विद्यालयीय कर्मचारीहरुका लागि रु १ करोड ४३ लाख ८ हजार सशर्त अनुदान तर्फ र गाउँपालिकाको आन्तरीक श्रोतबाट रु १ करोड २ लाख गरि शिक्षक तलव भत्ता तर्फ रु १६ करोड ४८ लाख ८ हजार विनियोजन गरेको छु ।

५९ त्यस्तै प्रारम्भिक वाल कक्षा देखि कक्षा ६ सम्मका विद्यार्थिहरुका लागि हाजिर भएका दिनको प्रतिदिन रु १५ का दरले दिवा खाजा बापत रु १ करोड ८ लाख ९७ हजार वजेट विनियोजन गरेको छु । यसवाट विद्यार्थिहरुको पोषणमा टेवा पुग्ने, नियमित उपस्थिती वढ्ने र स्कुल छोड्ने दर घट्ने अपेक्षा राखेको छु ।

६० साथै विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान तर्फ सशर्त कार्यक्रम मार्फत संघिय सरकारवाट रु ८४ लाख ५० हजार विनियोजन गरेको छु । साथै सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि रु १६ लाख ९० हजार वजेट व्यवस्था गरेको छु ।

६१ विद्यालयमा माध्यमिक तह र आधारभुत तह कक्षा व्यवस्थापन ६ कक्षा देखी १० कक्षा सम्म अंग्रेजि, गणीत, विज्ञान विषयमा शिक्षण सहयोग अनुदान तर्फ रु ९४ लाख ८ हजार वजेट सशर्त कार्यक्रम मार्फत विनियोजन गरेको छु ।

६२ स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता शिर्षकमा संघिय सरकारबाट सशर्त कार्यक्रममा रु २ करोड ५४ लाख बजेट विनियोजन गरेको छु ।

६३ क्षयरोग नियन्त्रण कार्यक्रमका लागि रु २ लाख, परिवार कल्याण कार्यक्रमका लागि रु ३१ लाख, नर्सिङ्ग तथा सामाजिक सुरक्षा कार्यक्रमका लागि रु १३ लाख, उपचारात्मक सेवा कार्यक्रमका लागि रु १२ लाख ७४ हजार औषधी खरिदका लागि सशर्त मार्फत र गॉउपालिकाबाट समानिकरण अनुदान तर्फ रु १९ लाख विनियोजन गरेको छु ।

६४ गाउँघर क्लिनिक सञ्चालन गर्ने, स्वास्थ्य संस्थाहरुको मापदण्ड सुदृणीकरण गरि औजार उपकरणको व्यवस्था मिलाउने, स्वास्थ्य कर्मि मार्फत स्वास्थ्य संस्था तथा समुदायमा असहाय, असक्त, अपांङ्ग, दिर्घरोगी र नसर्ने रोगहरुको व्यवस्थापनका लागि स्वास्थ्य कर्मि घर दैलो कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकावाट समानीकरण शिर्षकमा स्वास्थ्य शाखाको लागि रु ४५ लाख वजेट विनियोजन गरेको छु ।

६५ विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत नमुना विद्यालयको भवन तथा पुर्वाधार निर्माणका लागि रु १ करोड संघिय सशर्त पुँजिगत तर्फ विनियोजन गरेको छु ।

६६ सुरक्षीत नागरीक आवास कार्यक्रम फुसको छानो विस्थापनका लागि ५१ लाख विनियोजन गरेको छु ।यस कार्यक्रमबाट कम्तीमा ५० घर लाभान्वित हुने अनुमान गरेको छु ।

६७ गाउँपालिकाबाट सम्वोधन हुन नसकेका योजनाहरुलाई वडा मार्फत सम्वोधन गराउने लक्ष्य लिएको छु । सो को लागि गाउँपालिकाको आठैवटा वडामा जम्मा रु ३ करोड ३० लाख ७० हजार रकम विनियोजन गरेको छु ।

जीतबहादुर खड्का
उपाध्यक्ष
उदयपुरगढी गउँपालिका
उदयपुरगढी, उदयपुर

आ. व. २०८०।८१ को आय व्ययको सारांश

अनूसुचि-१
रु. हजारमा

आय तर्फ		व्यय तर्फ		प्रतिशत
शिर्षक	रकम	शिर्षक	रकम	
संघिय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण	१४८७००	आर्थिक विकास तर्फ	१२९००	१.५०७
न्युनतम अनुदान	३५०००	सामाजीक विकास तर्फ	१००००	१.२४६
सुत्रमा आधारित अनुदान	१०७६००	पूर्वाधार विकास तर्फ	२३३९९	२.९१५
कार्य सम्पादनमा आधारीत	६१००	वन वातावरण तथा विपद व्यवस्थापन तर्फ	४०००	०.४९८
संघवाट प्राप्त सशर्त अनुदान तर्फ	३०२९००	सुशासन संस्थागत विकास तर्फ	२०००	०.२४९
चालु	२५५५००	चालु तर्फ	१३२३७७	१६.४९
पुँजिगत	३०९००	संघवाट प्राप्त सशर्त अनुदान तर्फ	२८६४००	३५.६८
समपुरक अनुदान	१००००	समपुरक अनुदान	१००००	१.२४६
विषेश अनुदान	६५००	विषेश अनुदान	६५००	०.८१
प्रदेशवाट वित्तिय समानीकरण	९५७९	प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदान	७०००	०.८७२
न्युनतम अनुदान	१६२५	सामाजीक सुरक्षा कार्यक्रमामा खर्च हुने	११६४१७.५	१४.५
सुत्रमा आधारित अनुदान	७९५४	८ वटै वडाको योजनाहरु	३३०७०	४.१२
प्रदेशवाट प्राप्त सशर्त अनुदान तर्फ	७०२६	समपुरक अनुदानबाट कार्यान्वयन हुने योजनाको लागि लागत साझेदारी	७३७१०	९.१८२
चालु	२४७५	प्रदेशबाट प्राप्त सशर्त	७०२६	०.८७५
पुँजिगत	४५५१	जिल्ला समन्वय समितिको मौज्दात कोषबाट प्राप्त हुने रकम	४९५.०	०.०६२
प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदान	७०००	स्थानिय पुर्वाधार विकास विभागबाट प्राप्त हुने साझेदारी रकम	२६२५०.०	३.२७
संघ तर्फको राजश्व वाँडफाँड	११२५६६	पालीका अन्तर्गत निर्माणधिन १५ शैया आधारभुत अस्पतालको लागि प्राप्त हुन रकम	५००००.०	६.२२९
वाँडफाँड भई प्राप्त हुने मु.अ.कर	७००००	सडक वोर्ड नेपालबाट प्राप्त हने साझेदारी रकम	२०००.०	०.२४९

आय तर्फ		व्यय तर्फ		प्रतिशत
शिर्षक	रकम	शिर्षक	रकम	
वाँडफाँड भई प्राप्त हुने अन्तशुल्क	४२५६६			०
प्रदेश तर्फको वाँडफाँडवाट प्राप्त हुने सवारी साधन राजश्व वाँडफाँड	५४०३			०
संघिय विभाज्य कोषबाट प्राप्त हुने वाँडफाँड रोयल्टी	४०५३			०
वन रोयल्टी	२३४९			०
खानी रोयल्टी	१७०४			०
अनुमानीत आन्तरीक आय	१०३५५			०
कर राजश्व	४२१०			०
गैह्र कर राजश्व	६१४५			०
सामाजीक सुरक्षा कार्यक्रमबाट प्राप्त हुने	११६४१७.५			०
जिल्ला समन्वय समितिको मौज्दात कोषबाट प्राप्त हुने रकम	४९५.०			
स्थानिय पुर्वाधार विकास विभागबाट प्राप्त हुने साझेदारी रकम	२६२५०.०			
पालीका अन्तर्गत निर्माणधिन १५ शैया आधारभुत अस्पतालको लागि प्राप्त हुन रकम	५००००.०			
सडक वोर्ड नेपालबाट प्राप्त हने साझेदारी रकम	२०००.०			
जम्मा गा. पा. को आय तर्फ रु.	**८०२७४४.५**	**जम्मा व्यय तर्फ रु.**	**८०२७४४.५**	१००

आ.व. २०८०।८१ देखी ०८२।८३ सम्मको मध्यमकालीन खर्च संरचनाको सारंश

क. राजस्व तथा अनुदान प्राप्तिको अनुमान तथा प्रक्षेपण

राजश्व संकेत	राजश्व शिर्षक	गत आ.व.२०७८।७९ को यथार्थ	चालु आ.व.को अनुमान	हालसम्मको यथार्थ	२०७९/०८० को संशोधित अनुमान	आ.व. २०८०/८१ को प्रक्षेपण	आ.व.२०८१/८२ को प्रक्षेपण	आ.व.२०८२/८३ को प्रक्षेपण
१००००	**राजश्व तथा अनुदान**	६८९९४५	८४२५८५	६५८०८५	८१९८५५	८०२७४४.५	८५१११०	९२२१५५
११०००	**कर**	११०९८२	१२८९०६	६५२४४	९२०००	१२१२७९	१२९२६०	१४६५७०
११३००	**सम्पति कर**	२०७१	१७१०	१०८९	१७००	२३५०	२७००	३०५०
११३१०	**अचल सम्पतिमा लाग्ने कर**	२०७१	१६००	१००७	१६००	२२००	२५००	२८००
११३१३	सम्पति कर	०	४००	२९२	४००	५००	६००	७००
११३१४	भूमिकर/मालपोत	५०९	६००	४३५	६००	७००	८००	९००
११३१५	घर जग्गा रजिष्ट्रेशन दस्तुर	१५६२	६००	२८०	६००	१०००	११००	१२००
११३२०	**खुद सम्पतिमा लाग्ने चालुकर**	५०	११०	८२	१००	१५०	२००	२५०
११३२१	घर बाहाल कर	५०	१००	८२	१००	१५०	२००	२५०
११३२२	बहाल विटौरी शुल्क	०	१०	०	०	०	०	०
११४००	**वस्तु तथा सेवामा आधारित कर**	९४८३२	११४८७९	६३४२२	८९५००	११८०२९	१२५५६०	१३५६६०
११४१०	**मुल्य अभिबृद्दि कर**	४७४१६	८३६७९	४४४३८	६००००	७००००	७५०००	८००००
१४४११	बाँडफाँड भइ प्राप्त हुने मु.अ.कर	४७४१६	८३६७९	४४४३८	६००००	७००००	७५०००	८००००
११४२०	**अन्त शुल्क**	४७४१६	३१२००	१६०२२	२५०००	४२५६६	४५०००	५००००
१४४२१	बाँडफाँट भई प्राप्त हुने अन्त शुल्क	४७४१६	३१२००	१६०२२	२५०००	४२५६६	४५०००	५००००
११४५०	**पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर**	५२८२	५२९२	२९६२	४५००	५४५३	५५५०	५६५०
११४५१	सवारी साधन कर (टाँगा, रिक्सा, अटो रिक्सा, इरिक्सा)	०	१०	०	०	५०	५०	५०
११४५२	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	०	०	०	०	०	०	०
११४५६	बाँड फाँट वाट प्राप्त हुने सवारी साधन कर	५२८२	५२८२	२९६२	४५००	५४०३	५५००	५६००

राजश्व संकेत	राजश्व शिर्षक	गत आ.व.२०७८।७९ को यथार्थ	चालु आ.व.को अनुमान	हालसम्मको यथार्थ	२०७९/०८० को संशोधित अनुमान	आ.व. २०८०/८१ को प्रक्षेपण	आ.व.२०८१/८२ को प्रक्षेपण	आ.व.२०८२/८३ को प्रक्षेपण
११४७०	**मनोरञ्जन तथा विज्ञापन कर**	०	०	०	०	**१०**	**१०**	**१०**
११४७१	बाँडफाँटवाट प्राप्त हुने मनोरञ्जन कर	०	०	०	०	०	०	०
११४७२	बाँडफाँटवाट प्राप्त हुने विज्ञापन कर	०	०	०	०	१०	१०	१०
११६००	**अन्य कर**	३००९	१४०	७३३	८००	९००	१०००	११००
११६३०	**कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर**	०	३०	०	०	०	०	०
११६३२	आखेटो पहरामा लाग्ने कर (जडिवुटी कवाडी र जिवजन्तु कर)	०	३०	०	०	०	०	०
११६९०	**अन्य कर**	३००९	११०	७३३	८००	९००	१०००	११००
११६९१	अन्य कर	३००९	११०	७३३	८००	९००	१०००	११००
१३०००	**अनुदान**	५७८९६३	६२१३७२	४९२१९२	६२६२९३	६७०३६८	७१०८००	७६३४००
१३३००	**अन्तरसरकारी वित्तिय हस्तान्तरण**			४९२१९२	६२२७४३	६६७८७३	७०७५००	७६००००
१३३१०	**अन्तरसरकारी अनुदान**	५७५०४३	६१९८७२	४९२१९२	६२२७४३	६६७८७३	७०७५००	७६००००
१३३११	समानिकरण अनुदान	१६९९५८	१८१८९८	१३४००४	१८१८९८	१५८२७९	१६५०००	१७००००
१३३१२	शसर्त अनुदान चालु	२०७९४०	२२१३२३	१६६२२५	२२१३२३	२५७९७५	२६००००	२७००००
१३३१३	शसर्त अनुदान पुँजीगत	४२४०८	७३९१४	५२४६२	७३९१४	३५४५१	४००००	४५०००
१३३१४	विषेस अनुदान चालु	०	०		०	०	०	०
१३३१५	विशेस अनुदान पुँजीगत	०	०	०	०	६५००	१०००००	१५००००
१३३१६	समपुरक अनुदान चालु	०	०		०	०	०	०
१३३१७	समपुरक अनुदान पूँजीगत	१००००	१००००	६६६७	१०००००	१७००००	२२५००	३०००००
१३३१८	अन्य अनुदान चालु ढसामाजिक सुरक्षा)	१०२६६१	१०८९००	१०६१२६	१०८९००	११६४१७.५	१२०००००	१३०००००
१३३१९	अन्य अनुदान पुँजीगत	४२०७६	२३८३७	२६७०८	२६७०८	७६२५०	९००००	१०००००

राजश्व संकेत	राजश्व शिर्षक	गत आ.व.२०७८।७९ को यथार्थ	चालु आ.व.को अनुमान	हालसम्मको यथार्थ	२०७९/०८० को संशोधित अनुमान	आ.व. २०८०/८१ को प्रक्षेपण	आ.व.२०८१/८२ को प्रक्षेपण	आ.व.२०८२/८३ को प्रक्षेपण
१३४००	**अन्य आन्तरीक अनुदान**	३९२०	१५००	०	३५५०	२४९५	३३००	३४००
१३४१०	**अन्य आन्तरीक अनुदान**			०	३५५०	२४९५	३३००	३४००
१३४११	अन्य संस्थागत आन्तरिक अनुदान (सडकबोर्ड नेपाल)	२०००	१०००	०	१९००	२०००	२३००	२४००
१३४१२	जिल्ला समन्वय समितिवाट	१९२०	५००	०	१६५०	४९५	१०००	१०००
१४००००	**अन्य राजश्व**			३१३१	३४४४	४९५३	४०००	४३००
१४१००	**सम्पतिवाट प्राप्त आय**			३१३१	३४४४	४९५३	४०००	४३००
१४११०	**व्याज**	०		०	०	०	०	०
१४१११	वित्तिय निकायवाट प्राप्त व्याज	०		०	०	०	०	०
१४११९	अन्य निकायवाट प्राप्त व्याज	०		०	०	०	०	०
१४१२०	**लाभांस**	०		०	०	०	०	०
१४१२९	अन्य निकायवाट प्राप्त लाभांस	०		०	०	०	०	०
१४१५०	**भाडा तथा रोयल्टी**	२९०७	४९९०	३१३१	३४४४	४९५३	४०००	४३००
१४१५१	सरकारी सम्पतिको वहालवाट प्राप्त आय	०	०	०	०	०	०	०
१४१५३	वाँडफाँट भइ प्राप्त वन रोयल्टी		३७१	९२०	९२०	२३४९	११००	१२००
१४१५४	वाँडफाँट भइ प्राप्त खानी तथा खनिज सम्वन्धि रोयल्टी		१६१९	१७२४	१७२४	१७०४	१९००	२०००
१४१५५	वाँडफाँट भइ प्राप्त जलस्रोत सम्वन्धी रोयल्टी	०	०	०	०	०	०	०
१४१५६	वाँडफाँट भइ प्राप्त विद्युत सम्वन्धि रोयल्टी	०	०	०	०	०	०	०
१४१५७	वाँडफाँट भइ प्राप्त दहत्तर वहत्तरको विक्रिवाट प्राप्त हुने आय	६९९	२०००	४८७	८००	९००	१०००	११००
१४१५८	वाँडफाँट भइ प्राप्त पर्वतारोहण वापतको रोयल्टी	०	०	०	०	०	०	०
१४१५९	अन्य स्रोत वाट प्राप्त रोयल्टी	२२०८	१०००	०	०	०	०	०

राजश्व संकेत	राजश्व शिर्षक	गत आ.व.२०७८।७९ को यथार्थ	चालु आ.व.को अनुमान	हालसम्मको यथार्थ	२०७९/०८० को संशोधित अनुमान	आ.व. २०८०/८१ को प्रक्षेपण	आ.व.२०८१/८२ को प्रक्षेपण	आ.व.२०८२/८३ को प्रक्षेपण
१४१९०	**अन्य शुल्क**		०	०	०	०	०	०
१४१९१	पर्यटन शुल्क	०	०	०	०	०	०	०
१४२००	**वस्तु तथा सेवा विक्रीवाट प्राप्त रकम**	०	२५	०	०	०	०	०
१४२१०	वस्तु तथा सेवा विक्रीवाट प्रप्त रकम	०	०	०	०	०	०	०
१४२११	कृषि उत्पादनको विक्रीवाट प्राप्त रकम	०	०	०	०	०	०	०
१४२१२	सरकारी सम्पति विक्रिवाट प्राप्त रकम	०	२०	०	०	०	०	०
१४२१३	अन्य विक्रिवाट प्राप्त रकम (राजपत्र पुस्तक नक्शा आदी)	०	५	०	०	०	०	०
१४२१६	निजि धारा वापतको शुल्क	०		०	०	०	०	०
१४२१७	खानेपानी नहर तथा कुलो उपयोग वापतको शुल्क	०		०	०	०	०	०
१४२१८	विद्युत सेवा शुल्क	०		०	०	०	०	०
१४२१९	अन्य सेवा शुल्क तथा विक्री (पार्क यम्वुलेन्स आदी तथ वालुवा माटो काठ विक्री समेत)	०		०	०	०	०	०
१४२२०	**प्रशासनिक सेवा शुल्क**	२८३१	१८२०	४८३५	५४३५	६१४५	७०५०	७८८५
१४२२१	न्यायिक दस्तुर	०		११	१५	२०	२०	२५
१४२२४	परिक्षा शुल्क	०		१९	२०	२५	३०	३५
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क (वोलपत्र फारम विक्री)	०	२००	४०६	५००	५५०	६००	६५०
१४२४०	दस्तुर	०	०	०	०	०	०	०
१४२४१	पार्किङ्ग शुल्क	०	०	०	०	०	०	०
१४२४२	नक्सापास दस्तुर	०	२०	८५	१००	२००	३००	५००

राजश्व संकेत	राजश्व शिर्षक	गत आ.व.२०७८।७९ को यथार्थ	चालु आ.व.को अनुमान	हालसम्मको यथार्थ	२०७९/०८० को संशोधित अनुमान	आ.व. २०८०/८१ को प्रक्षेपण	आ.व.२०८१/८२ को प्रक्षेपण	आ.व.२०८२/८३ को प्रक्षेपण
१४२४३	सिफारिस दस्तुर ढप्रमाणित समेत)	१२३५	१०००	५२५	७००	८००	१०००	१२००
१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	५६०	२००	५५३	७००	८००	९००	१०००
१४२४५	नाता प्रमाणित दस्तुर	१२३	५०	७५	१००	१२५	१५०	२००
१४२४९	व्यक्तिगत **घटना दर्ता दस्तुर**	२३५	२००					
१४२४९	अन्य दस्तुर (दर्ता अनुमति ईजाजत)	२०२	१००	७७	१००	१५०	२००	२२५
१४२५३	व्यवसाय रजिष्टेशन दस्तुर	४७६	५०	१२८	१५०	१७५	२००	२५०
१४२५४	रेडीयो एफ एम संचालन दस्तुर	०	०					
१४२६०	अन्य प्राशासनिय सेवा शुल्क	०	२००	४३	५०	१००	१५०	२००
१४६२	विद्युत सम्वन्धि शुल्क	०	०	०	०	०	०	०
१४२६३	जलस्रोत सम्वन्धि अन्य दस्तुर (पानी विक्रि)	०	०	०	०	०	०	०
१४२६५	अन्य क्षेत्रको आय सामुदायिक (वन पैदावर विक्री वाट)	०		२९१३	३०००	३२००	३५००	३६००
१४३००	**दण्ड जरिवाना र जफत**	०	५०	०	०	०	०	०
१४३१०	दण्ड जरिवाना र जफत	०		०	०	०	०	०
१४३११	न्यायिक दण्ड जरिवाना र जफत	०		०	०	०	०	०
१४३१२	प्रशासनिक दण्ड जरिवना र जफत	०	५०	०	०	०	०	०
१४३१३	धरौटी सदरस्याहा	०		०	०	०	०	०
१५११०	**विवध प्राप्ति**	३९६३९	९२३०७	९२६८३	९२६८३	०	०	०
१५१११	बेरुजु	६६८	०	०	०	०	०	०
१५११२	निकासा फिर्ता	३८९७१		०	०	०	०	०
१५११२	अनुदान फिर्ता			०	०	०	०	०
	बैक मौज्दात		९२३०७	९२६८३	९२६८३	०	०	०

ख व्यय अनुमान तथा प्रक्षेपण

चालु खर्च शिर्षक	चालु तथा पुजिगत खर्चका शिर्षक	गत आ.व.२०७८।७९ को यथार्थ	चालु आ.व.को अनुमान	२०७९/०८० को संशोधित अनुमान	आ.व.२०८०/८१ को प्रक्षेपण	आ.व.२०८१/८२ को प्रक्षेपण	आ.व.२०८२/८३ को प्रक्षेपण
२००००	**खर्च**	६८९,९४५	८४२,५८५	८४२,५८५	८०२,७४५	९८९,७०१	१,०८७,४१९
चालु खर्च		४३४८४१	५१३३२३	५१३३२३	५४३७१६	५७९४४६	६०१३५६
२१०००	पारिश्रमिक कर्मचारी	१७७३४४	२०३८७६	२०३८७६	२१६२१२	२२३५००	२२९०००
२११११	पारिश्रमिक कर्मचारी	१७२०९४	१९५८७६	१९५८७६	२०८०१२	२१५०००	२२००००
२११९२	पारिश्रमिक पदाधिकारी	५२५०	८०००	८०००	८२००	८५००	९०००
२११२०	जिन्सी वापत कर्मचारीलाई दिइने पारिश्रमिक सुविधा	२०	१,०९०	१,०९०	१,२००	१,५००	१,५००
२११२१	पोशाक	२०	१०९०	१०९०	१२००	१५००	१५००
२११३०	कर्मचारी भत्ता	२,५६२	४,०२२	४,०२२	१,९२०	३,१२६	३,४२६
२११३१	स्थानीय भत्ता	०	१२६	१२६	०	१२६	१२६
२११३२	महंगी भत्ता	०	१५००	१५००	११००	१७००	१८००
२११३४	कर्मचारीको वैठक भत्ता	०	४१०	४१०	५००	६००	७००
२११३५	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	०	२००	२००	२००	२००	२००
२११३९	अन्य भत्ता	२५६२	१७८६	१७८६	१२०	५००	६००
२११४०	पदाधिकारी भत्ता तथा अन्य सुविधा	०	७२०	७२०	९००	९००	९००
२११४१	पदाधिकारी वैठक भत्ता	०	७२०	७२०	९००.	९००	९००
२१२१०	कर्मचारीको सामाजिक सुरक्षा खर्च	०	१५००	१५००	६०००	२५००	३०००
२१२१४	कर्मचारी कल्याण कोष	०	१५००	१५००	६०००	२५००	३०००
२२११०	सेवा महसुल	७४६	२,०१२	२,०१२	२,५००	२,६००	२,६००
२२११९	पानी तथा बिजुली	२६२	१०००	१०००	१०००	११००	११००
२२११२	संचार महसुल	४८४	१०१२	१०१२	१५००	१५००	१५००
२२२१०	सवारि साधनको संञ्चालन र सम्भार खर्च	५,६५७	६,७००	६,७००	६,१२०	६,७००	७,३००
२२२१२	इन्धन (कार्यालय प्रयोजन)	२४९९	३०००	३०००	२९२०	३१००	३१५०

चालु खर्च शिर्षक	चालु तथा पुजिगत खर्चका शिर्षक	गत आ.व.२०७८।७९ को यथार्थ	चालु आ.व.को अनुमान	२०७९/०८० को संशोधित अनुमान	आ.व.२०८०/८१ को प्रक्षेपण	आ.व.२०८१/८२ को प्रक्षेपण	आ.व.२०८२/८३ को प्रक्षेपण
२२२१३	सवारी साधन मर्मत खर्च	३०७७	३२००	३२००	२७००	३०००	३५००
२२२१४	बिमा तथा नवीकरण खर्च	८१	५००	५००	५००	६००	६५०
२२२२०	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	४००	१,०८४	१,०८४	१,०००	१,७००	२,०००
२२२२१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	४००	१०८४	१०८४	१,०००	१७००	२०००
२२२३०	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	२९३	५००	५००	५००	७००	९००
२२२३१	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	२९३	५००	५००	५००	७००	९००
२२३१०	कार्यालय सामान तथा सेवाहरु	११,२८५	८,७३०	८,७३०	९,३००	९,९७०	१०,५८०
२२३११	मसलन्द तथा कार्यालय सामाग्री	१०७१२	७९३०	७९३०	८,५००	९०००	९५००
२२३१३	पुस्तक तथा सामग्री खर्च	५२	२००	२००	२००	२२०	२३०
२२३१४	इन्धन - अन्य प्रयोजन	२१	१००	१००	१००	१००	१००
२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	५००	५००	५००	५००	६५०	७५०
२२४१०	परामर्श तथा अन्य सेवा शुल्क	११७५४	२१६००	२१६००	१८४००	२०७५०	२१५५०
२२४११	सेवा र परामर्श खर्च	९९७	५२००	५२००	३०००	३५००	४०००
२२४११	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	९७	५००	५००	५००	६५०	७५०
२२४१२	करार सेवा शुल्क	१०६६०	१५६००	१५६००	१४३००	१६१००	१६२००
२२४१४	सरसफाईसेवा शुल्क	०	३००	३००	६००	५००	६००
२२५१०	तालिम तथा गोष्ठी	४३८९	५४५५	५४५५	६०००	६५००	७०००
२२५१२	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	४३८९	५४५५	५४५५	६०००	६५००	७०००
२२५२०	उल्पादन सामाग्री सेवा तथा अन्य कार्यक्रम खर्च	१०८३१५	१३३७१५	१३३७१५	१४५९४६	१३६६००	१३८७००
२२५२२	कार्यक्रम खर्च	१०७६७४	१३२७१५	१३२७१५	१४४४४६.	१३५०००	१३७०००

चालु खर्च शिर्षक	चालु तथा पुजिगत खर्चका शिर्षक	गत आ.व.२०७८।७९ को यथार्थ	चालु आ.व.को अनुमान	२०७९/०८० को संशोधित अनुमान	आ.व.२०८०/८१ को प्रक्षेपण	आ.व.२०८१/८२ को प्रक्षेपण	आ.व.२०८२/८३ को प्रक्षेपण
२२५२९	विविध कार्यक्रम खर्च	६४१	१०००	१०००	१,५००	१६००	१७००
२६६१०	अनुगमन, मूल्यांकन र भ्रमण खर्च	३९७१	४०००	४०००	३८००	४५००	४९००
२२६११	अनुगमन, मूल्यांकन खर्च	३६७१	१७००	१७००	१५००	१८००	१९००
२२६१२	भ्रमण खर्च	३००	२३००	२३००	२३००	२७००	३०००
२७७१०	विवध खर्च	३४९९	३५१०	३५१०	३५५०	३६००	३६५०
२२७११	विविध खर्च	३४९९	३५१०	३५१०	३,५५०	३६००	३६५०
२२७२०	सभा सञ्चालन खर्च	६१२	७००	७००	७५०	८००	८५०
२२७२१	सभा सञ्चालन खर्च	६१२	७००	७००	७५०	८००	८५०
२७११०	सामाजिक सुरक्षा	१०२६६१	१०८९००	१०८९००	११६४१७.५	१५००००	१६००००
२७१११	सामाजिक सुरक्षा	१०२६६१	१०८९००	१०८९००	११६४१७।५	१५००००	१६००००
२८१४०	भाडा	१३३३	१४००	१४००	१२००	१४००	१४००
२८१४२	घरभाडा	६५०	७००	७००	५००	७००	७००
२८१४९	अन्य भाडा	६८३	७००	७००	७००	७००	७००
२८२१०	फिर्ता खर्च	०	१,७२५	१,७२५	०	०	०
२८२१९	अन्य फिर्ता	०	१७२५	१७२५	०	०	०
२८९१०	भैपरी आउने चालु खर्च	०	२,०८४	२,०८४	२,०००	२,१००	२,१००
२८९११	भैपरी आउने चालु खर्च	०	२०८४	२०८४	२०००	२१००	२१००
पुजिगत खर्च		२५५,१०४	३२९,२६२	३२९,२६२	२५९,०२९	४१०,२५५	४८६,०६३
३१११०	भवन तथा संरचना	८२२२४	४८४३७	४८४३७	९८७५०	९५५०५	१०३७१३
३१११११	आवासीय भवन निर्माण/खरिद	४२५५७	२४६००	२४६००	५,०००	६५०००	७००००
३१११२	गौर आवासीय भवन निर्माण/खरिद	३९६६७	२३८३७	२३८३७	९३,७५०	३०५०५	३३७१३
३११६०	निर्मित संरचनाको सुधार खर्च	४५०	१६५०	१६५०	१७००	१७५०	१८००
३११६१	निर्मित भवनको संरचनात्मक सुधार खर्च	४५०	१६५०	१६५०	१७००	१७५०	१८००
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर तथा फक्चर्स	७६५०	१२३००	१२३००	४३००	१०८००	१२४००
३११२१	सवारी साधन	०	४०००	४०००	०	५०००	६०००

चालु खर्च शिर्षक	चालु तथा पुजिगत खर्चका शिर्षक	गत आ.व.२०७८।७९ को यथार्थ	चालु आ.व.को अनुमान	२०७९/०८० को संशोधित अनुमान	आ.व.२०८०/८१ को प्रक्षेपण	आ.व.२०८१/८२ को प्रक्षेपण	आ.व.२०८२/८३ को प्रक्षेपण
३११२२	मेशिनरी तथा औजार	५८९८	६२००	६२००	२८००	३५००	४०००
३११२३	फर्निचर तथा फिक्चर्स	१७५२	२१००	२१००	१५००	२३००	२४००
३११३०	अन्य पूजिगत खर्च	४५२०	८५००	८५००	१५००	४१००	४७००
३११३४	कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च	०	१३००	१३००	०	१६००	१७००
३११३५	पूँजीगत परामर्श खर्च	४५२०	७२००	७२००	१५००	२५००	३०००
३११५०	सार्वजनिक निर्माण	१५८,५६१	१९५,४२२	१९५,४२२	१४२,४२५	२५१,५००	२९२,७५०
३११३५	सडक तथा पूल निर्माण	३४,५८३	६७५८४	६७५८४	९५,३००	१३००००	१५००००
३११५१	विद्युत संरचना निर्माण	१२,३१८	१४००	१४००	०	१५००	१५५०
३११५४	तटबन्ध तथा बाँधनिर्माण	४,०९६	२१००	२१००	२,२००	२५००	२८००
३११५५	सिंचाई संरचना निर्माण	२२,४२४	२९५३०	२९५३०	२१,०००	३२५००	३४०००
३११५६	खानेपानी संरचना निर्माण	२५,६५७	३१३२९	३१३२९	९२००	२००००	३००००
३११५७	वन तथा वातावरण संरक्षण	०	३१००	३१००	६२००	३३००	३४००
३११५८	सरसफाई संरचना निर्माण	९२	०	०	१०००	१०००	१०००
३११५९	अन्य सार्वजनिक निर्माण	५९,३९१	६०३७९	६०३७९	७५२५	६०७००	७००००
३११६०	निर्मित संरचनात्मक सुधार खर्च	९६	२४००	२४००	५५५४	२६००	२७००
३११६१	निर्मित भवनको संरचनात्मक सुधार खर्च	९६	२४००	२४००	५५५४	२६००	२७००
३११७०	पूँजीगत सुधार खर्च	९९७	३२४४५	३२४४५	४८००	३४०००	५८०००
३११७१	पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण	०	३०९४५	३०९४५	३१००	३२०००	३३०००
३११७२	पूँजीगत अनुसन्धान तथा परामर्श	९९७	१५००	१५००	१७००	२०००	२५०००
३१५१०	भैपरी आउने पूँजीगत	०	२८१०८	२८१०८	०	१००००	१००००
३१५११	भैपरी आउने पूँजीगत	०	२८१०८	२८१०८	०	१००००	१००००
३१२२०	मौज्दात समानहरु	६०६	०	०	०	०	०
३१२२१	मौज्दात समानहरु	६०६	०	०	०	०	०
जम्मा		६८९,९४५	८४२,५८५	८४२,५८५	८०२,७४४।५	९८९,७०१	१,०८७,४१९

आयका श्रोतहरु

उदयपुरगढी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
उदयपुरगढी,उदयपुर

राजस्व तथा अनुदान प्राप्तिको अनुमान
आ व २०८०।८१

अनुसुची २
रु हजारमा

क्र.स.	बजेटको स्रोतहरू	आगमी आ.व. २०८०।८१ को अनुमान
१	आन्तरीक आय	९३५५
	क. कर राजश्व	३२१०
	सम्पत्ति कर	५००
	मालपोत\भूमीकर	७००
	घरजग्गा वहाल कर	१५०
	सवारी साधन कर (अटो रिक्सा, ईरिक्सा, टेम्पो)	५०
	पूर्वाधार सेवा उपयोग कर	
	अखेटोपहारमा लाग्ने कर (जडीबुटी, जिवजन्तु, कवाडी)	
	अन्य कर	१८१०
	ख. गैरकर राजश्व	६१४५
	वहाल बिटौरी शुल्क	०
	सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय	०
	बाँडफाडबाट प्राप्त बन रोयल्टी १०%	०
	बाँडफाडबाट प्राप्त खानि तथा खनीजको रोयल्टी	०
	खानी उपयोग वापत स्थानीय तह सेवा दस्तुर	०
	ढुङ्गा गिटी बालुवा दहत्तर बहत्तर विक्रीबाट प्राप्त आय	०
	सरकारी सम्पत्ति विक्रीबाट प्राप्त आय	
	अन्य विक्रीबाट प्राप्त आय (बन पैदावार विक्रीवाट)	३२००

क्र.स.	बजेटको स्रोतहरू	आगमी आ.व. २०८०\८१ को अनुमान
	न्यायिक दस्तुर	२०
	परीक्षा शुल्क	२५
	अन्य प्रशासनिक सेवा शुल्क (बोलपत्र फारम विक्री)	५५०
	नक्सा पास दस्तुर	२००
	सिफारिस दस्तुर (प्रमाणित समेत)	८००
	व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क	८००
	नाता प्रमाणित दस्तुर	१२५
	अन्य दस्तुर (दर्ता, अनुमती ईजाजत)	१५०
	व्यवसाय रजिष्ट्रेशन दस्तुर	१७५
	प्रशासनिक दण्ड जरिवाना र जफत	
	अन्य प्रशासनिक सेवा	१००
	व्यवसाय कर	०
	ग. बैंक मौज्दात	**०**
	अ.ल्या.	०
२	**राजश्व बाँडफाड**	१२३०२२
	क. नेपाल सरकार	११२५६६
	बाँडफाँड भई प्राप्त हुने मु.अ. कर	७००००
	बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क	४२५६६
	ख. प्रदेश सरकार	
	सवारी साधनमा लाग्ने कर	५४०३
३	**रोयल्टी बाँडफाड**	४०५३
	क. वन रोयल्टी	२३४९
	ख. खानी रोयलटी	१७०४
	ग. विद्युत रोयल्टी	
	घ. पर्वतारोहण रोयल्टी	
	ङ. पानी तथा अन्य रोयल्टी	
	च. घरजग्गा रजिष्ट्रेशन दस्तुर	१०००

क्र.स.	बजेटको स्रोतहरू	आगमी आ.व. २०८०\८१ को अनुमान
४	**नेपाल सरकारबाट प्राप्त हुने अनुदान**	४५१६००
	क. वित्तीय समानीकरण अनुदान	१४८७००
	न्युनतम अनुदान	३५०००
	सुत्रमा आधारित अनुदान	१०७६००
	कार्य सम्पादनमा आधारित अनुदान	६१००
	ख. सशर्त अनुदान	३०२९००
	चालु	२५५५००
	पुँजीगत	३०९००
	ग. समपूरक अनुदान	१००००
	घ. विषेश अनुदान	६५००
५	**प्रदेश सरकारबाट प्राप्तहुने अनुदान**	२३६०५
	क. वित्तीय समानीकरण अनुदान	९५७९
	न्युनतम अनुदान	१६२५
	सुत्रमा आधारित अनुदान	७९५४
	ख. सशर्त अनुदान	७०२६
	ग. समपूरक अनुदान	७०००
	घ. विषेश अनुदान	
६	अन्य अनुदान (सामाजिक सुरक्षा)	११६४१७.५
७	जनसहभागिता	
८	अन्तरस्थानीय तह साझेदारी रकम	७८७४५
९	गै.स.स. र सामुदायिक क्षेत्रको लगानी	
	जम्मा	८०२७४४.५

व्यय अनुमान
आ.व. २०८०/०८१
उदयपुरगढी गाँउपालिका
गाँउ कार्यपालीकाको कार्यालय, उदयपुरगढी
समपुरक गा.पा. तर्फको

अनूसुचि-३
रु. हजारमा

क्र. सं.	कार्यक्रम/ आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	लक्ष्य	विनियोजन रु. (हजारमा)	श्रोत							खर्च शिर्षक
					श्रोत व्यवस्थापन	आन्तरीक श्रोत	अन्तर सरकारी वित्तीय हस्तान्तरण			ऋण	जन सहभागीता	
							नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह			
	पूर्वाधार विकास तर्फ											
१	ककनी मुहान गरी सितली डाँडा कुलो सिचाई	उ.गा.पा.	१	४३४	प्रदेश समानीकरण	४३४			४३४.०			
२	पाङ्ग्रे खोला मुहान हुँदै हात्तीटार सिचाई योजना मर्मत	उ.गा.पा.	१	४६४	संघ समानीकरण	४६४			४६४.०			
३	बकुवा खोला मुहान गरी सिम्ले तितुबोट सम्म सिचाई	उ.गा.पा.	१	५६१	" "	५६१			५६१.०			
४	थलियाटार मुल कुलो छापा खोला सिचाई आयोजना	उ.गा.पा.	१	४८६	" "	४८६			४८६.०			
५	कपासे मुलकुलो सिचाई योजना	उ.गा.पा.	१	८७७	" "	८७७			८७७.०			
६	तेलतेले खोला मुहान गरी राणावल सिचाई	उ.गा.पा.	१	५५८	" "	५५८			५५८.०			
७	बैजनाथ चिदीदह मुहान गरि गैया सिंचाइ योजना	उ.गा.पा.	१	२२०	" "	२२०			२२०.०			
८	बडहरे खोला मुहान गरि पुजारिटार आउने कुलो मर्मत	उ.गा.पा.	१	२००	" "	२००			२००.०			
९	नेपालटार-उदयपुरगढी दरबार मोटरबाटो स्तरोन्नति तथा कालोपत्रे आयोजना	उ.गा.पा.	१	२००००	" "	२००००			२००००			
